सुनछहरी गाउँपालिकाको भवन निर्माण सम्बन्धी मापदण्ड तथा नक्सापास कार्यविधि, २०८२

सुनछहरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पोबाङ,रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

सुनछहरी गाउँपालिकाको भवन निर्माण सम्बन्धी मापदण्ड तथा नक्सापास कार्यविधि, २०८२

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

परामर्शदाता:

शुभ बिहानी इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि ।

ठेगाना : घोराही १५, दाङ नेपाल

बिषय सूची

१. पृष्टभूमि

१.१ परिचय तथा उद्देश्य ६

१.२ भवन ऐन्, संहिता, तथा नियमावली ६

१.३ राष्ट्रिय भवन संहिता ७

१.४ भवन मापदण्ड ८

१.५ भवन निर्माण अनुमति प्रक्रिया ८

२. परिभाषा

२.१ भवन सम्बन्धी ८

२.२ भवन मापदण्ड सम्बन्धी ९

२.३ स्थानीय तह सम्बन्धी १०

३. भवनको वर्गीकरण

३.१ भवनको प्रयोजन अनुसार भवनको वर्गीकरण ११

३.२ भवनको प्रयोजन अनुसार अनुमति प्रक्रिया १२

३.३ भवन संहिताको वर्गीकरण अनुसार अनुमति प्रक्रिया १२

३.४ गाउँपालिका क्षेत्रभित्र बन्ने सबै भवनहरुको डिजाइन तथा नक्सापास गरी ईजाजत लिनुपर्ने १३

४. भवन निर्माण अनुमति प्रक्रिया

४.१ 'क', 'ख' र 'ग' वर्गको भवन १४

४.१.१ अनुमति तथा नक्सापास, जग्गाको प्रमाणीकरण र जग निर्माण १४

४.१.२ सुपरस्ट्रकचर निर्माण १५

४.१.३ निर्माण सम्पन्न १६

४.२ 'घ' वर्गको भवन र कम्पाउण्ड वाल १६

४.२.१ अनुमति तथा नक्सापास, जग्गाको प्रमाणीकरण र भवन निर्माण १६

४.२.२ निर्माण सम्पन्न १७

५. नक्सापास प्रक्रियाका विविध नियम विनियमहरु

५.१ भवन निर्माण अवधि थप सम्बन्धी १८

५.२ भवन निर्माण अनुमति लिंदा संधियार तर्फा बाट उजुरी परमा १८

५.३ नक्सा संशोधन सम्बन्धी १९

५.४ भवनको उचाई र संधियार तर्फको सेटब्याकको अनुपात तल्ला थप सम्बन्धी १९

५.५ तल्ला थप सम्बन्धी २०

५.६ अनुमति अनुसार निर्माण नभएमा २०

५.७ आंशिक सम्पन्न प्रमाण-पत्र सम्बन्धी २०

५.८ भवनको प्रयोजन परिवर्तन सम्बन्धी २१

५.९ नामसारी सम्बन्धी २१

५.९ हक भोगेको निस्सा वा मंजुरिको लिखत पेश गर्नु पर्ने २१
५.१० कि.नं. र क्षेत्रफल संशोधन भएमा २१

६. भवन तथा बस्ती विकास शाखाको संरचना र जिम्मेवार
६.१ जिम्मेवार २१
६.२ संरचना २२
६.३ कर्मचारीको न्यूनतम योग्यता २२

७. अभिलेख व्यवस्थापन
७.१ अभिलेख व्यवस्थापन विधि २२
७.१.१ रजिस्टर तथा प्रतिवेदन २२
७.१.२ फाइलिङ २२
७.१.३ कम्प्युटर २२
७.२ अभिलेखका प्रकार २३
७.२.१ अति महत्वपूर्ण कागजातहरु २३
७.२.१ महत्वपूर्ण कागजातहरु २

८. जिम्मेवारी तथा उत्तरदायित्व
८.१ परामर्शदाता वा स्वतन्त्र प्राविधिक
८.१.१ दर्ता सम्बन्धी २४
८.१.२ न्यूनतम योग्यता २४
८.१.३ जिम्मेवारी २५
८.१.४ उत्तरदायित्व र कारबाही २७
८.२ निर्माण व्यबसायिक
८.२.१ दर्ता सम्बन्धी २७
८.२.२ न्यूनतम योग्यता २७
८.२.३ जिम्मेवारी २७
८.२.३ उत्तरदायित्व र कारबाही २७
८.३ निर्माणकर्मी
८.३.१ दर्ता सम्बन्धी २८
८.३.२ न्यूनतम योग्यता २८
८.३.३ भूमिका र जिम्मेवारी २८
८.४ घरधनी
८.४.१ जिम्मेवारी २९
८.४.२ उत्तरदायित्व र कारबाही २९

९. भवन निर्माण सम्बन्धी थप मापदण्ड
९.१ Ground coverage ३०
९.२ Floor Area Ratio ३०
९.३ सडकको चौडाई र सेटव्याक ३०

९.४ कम्पाउण्ड वाल ३२
९.५ सेफ्टी ट्यांकी ३२
९.६ बैकिङ्ग र इन्सोरेन्स कारोबार ३२
९.७ जोखिम क्षेत्रमा भवन निर्माणका लागि निषेध ३३
९.८ Structure Analysis सम्बन्धी ३३
९.९ उपयोगिता परिवर्तन ३३
९.१० मापदण्ड विपरितका भवन सार्वजनिक निकायले भाडामा लिन नपाउने ३३
९.११ टप र वार्दली ३३
९.१२ छतमा पिलर राख्न निषेध ३३
९.१३ IEE गर्नुपर्ने अवस्था ३३
९.१४ बाटो प्रमाणित सम्बन्धी ३४
९.१५ माटो परिक्षण सम्बन्धी ३४

अनुसूचीहरु

अनुसूची १ भवन निर्माण अनुमतिको फ्लोचार्ट
अनुसूचि १.१ "क", "ख" र "ग" वर्ग भवन निर्माणको लागि ३०
अनुसूचि १.२ "घ" वर्ग भवन निर्माणको लागि ३१
अनुसूची २ नागरिक बडापत्र ३२
अनुसूची ३ भवन निर्माण अनुमतिको दरखास्त फाराम ४४
अनुसूचि ३.१ "क", "ख" र "ग" वर्ग भवन निर्माणको नक्सपाशका लागि ४५
अनुसूचि ३.२ "घ" वर्ग भवन निर्माणको नक्सपाशका लागि १०८
अनुसूचि ४ भवन निर्माण अनुमतिका लागि पेश गनुपर्ने कागजातहरु
अनुसूचि ४.१ "क", "ख" र "ग" वर्गका भवन निर्माण लागि १३२
अनुसूचि ४.२ "घ" वर्गका भवन निर्माणको लागि १३२
अनुसूचि ४.३ साविक भवन भत्काइ पुनः निर्माण, थप भवन निर्माण तथा तल्ला थप गर्नका निमित्त १३३
अनुसूचि ४.४ छाना फेर्ने तथा मोहडा फेर्ने सम्बन्धमा १३३
अनुसूचि ४.५ कम्पाउण्ड वाल लगाउँने तथा अन्य प्रावधानहरुको सम्बन्धमा १३४
अनुसूचि ४.६ नक्सा नामसारी गर्न आवश्यक कागजातहरु १३४
अनुसूचि ५ नक्सा र डिजाईन प्रतिवेदनको नमूना
अनुसूचि ५.१ वास्तुकला (आर्किटेक्चरल)को नमूना नक्सा १३५
अनुसूचि ५.२ संरचनात्मक (स्ट्रक्चरल)को नमूना नक्सा १४६
अनुसूचि ५.२ स्ट्रक्चरल एनेलाईसिस को नमूना नक्सा १४७

१. पृष्टभूमि

१.१ परिचय तथा उद्देश्य

नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम कायम भएका गाउँपालिका, नगरपालिका र संविधान बमोजिमका जिल्लासभामा निर्वाचित जनप्रतिनिधि बहाल नभएसम्म तत् तत् स्थानीय तहबाट सेवा प्रवाहलाई निरन्तरता दिनुपर्ने हुँदा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३ फागुन ९ गतेको निर्णयअनुसार स्थानीय तहको सञ्चालन तथा व्यवस्थापनका लागि गाउँपालिका र नगरपालिकाको संख्या र सिमाना कायम भएको मिति (२०७३/११/२७) देखि लागु हुनेगरी २०७३/११/२४ मा जारी भएको 'स्थानीय तहको शासन सञ्चालन सम्बन्धमा जारी गरिएको आदेश, २०७३ बमोजिम स्थापित देशका ७५३ स्थानीय तहमध्ये एक हो संघिय गणतन्त्र राज्य नेपालको ५ नं. प्रदेश अन्तर्गत रोल्पा जिल्लाको १० वटा स्थानिय तह मध्येको सुनछहरी गाँउपालिका पनि एक हो । अति सौन्दर्य मनामोहक प्रसिद्ध सुनछहरी झरनाको नामबाट नामाकरण गरिएको यस गाँउपालिकाको केन्द्र पोवाङमा रहेको छ । डमरु आकारको नक्शाको आकृतिमा रहेको यस गाँउपालिका रोल्पा जिल्ला सदरमुकाम लिवाङ देखी ४८ कि. मि. उत्तरी पुर्व भागमा अवस्थिती रहेको छ । सातवटा वडाहरु रहेका (सेरम, भित्री गाम, वाहिरी गाम, स्युरी, जैमाकसला, फगाम र जेलवाङ) यस गाँउपालिकाको क्षेत्रफल २७७.६२ वर्ग कि.मि. र जनसंख्या राष्ट्रिय जनगणना २०६८ अनुसार १६०३४, नयाँ सर्वेक्षण २०७४ अनुसार (१९०५४) रहेको छ । साविकका ६ वटा गाउँ विकास समितिहरु मिलाइएर वनेको यस सुनछहरी गाँउपालिकाको सिमाना पुर्वमा वाग्लुङ पश्चिममा सुर्वणावर्ती गाँउपालिका, रोल्पा नगरपालिका उत्तरमा रुकुम वाग्लुङ र दक्षिणमा लुंग्री गाँउपालिका र सुवर्णावर्ती गाँउपालिका रहेका यस सुनछहरी गाउँपालिकामा राष्ट्रिय भवन संहिता प्रभावकारी र समान रुपले कार्यान्वयन गर्ने उद्देश्यले यो कार्यविधि तथा मापदण्ड तयार गरिएको छ । साथै यस कार्यविधि तथा मापदण्डमा भवनको वर्गीकरण, भवन निर्माण अनुमति प्रक्रियाको निवेदन पेश गर्ने ढाँचा, निवेदन जाँच, अनुमति प्रमाण-पत्र, स्थलगत निरीक्षण र निर्माण सम्पन्न प्रमाण-पत्रको प्रक्रिया, गाउँपालिकाको संरचना, सम्बन्धीत कागजात, दस्तावेज तथा नक्साहरुको रेकर्ड विधि, सरोकारवालाहरुको जिम्मेवारी र योग्यता, आवश्यक जनशक्ति तथा स्रोत साधनहरुबारे विस्तृत जानकारी समावेश गरिएको छ ।

भवन ऐन २०५५, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय भवन संहिता २०६०, बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ लाई आधार मानि यस कार्यविधि तथा मापदण्ड तयार गरिएको छ ।

१.२ भवन ऐन, संहिता, तथा नियमावली

"*भवन ऐन २०५५*," नेपाल राजपत्रमा २०५५ साल असार १८ गते प्रकाशन भएपछि २०६२ साल फागुन १ गते राजपत्रमा सूचना प्रकाशन भई, क्षेत्र निर्धारण समेत भएपछि मात्र औपचारिकरुपमा कार्यान्वयन भएको थियो । तत्कालीन स्थानीय विकास मन्त्रालयको मिति २०६० पुस ७ गतेको निर्णय अनुसार भवन निर्माणको नक्सापास गर्दा निर्माण सम्बन्धी मापदण्डका अतिरिक्त नेपाल सरकारबाट स्वीकृत भवन संहिता समेतल्लाई ध्यानमा राखी नक्सा स्वीकृत गर्ने व्यवस्था गर्ने गराउने भनी सबै स्थानीय निकायहरुलाई परिपत्र गरिएको थियो। स्थानीय निकायबाट भवन निर्माणको नक्सापास गर्न सहजीकरण गर्ने उद्देश्य राखी नेपाल सरकार (म.प.) २०६६ मंसिर २५ गतेको निर्णयबाट "भवन नियमावली २०६६" स्वीकृत भएको थियो। यस नियमावलीमा भवन ऐन अनुसार घरधनीले नक्सापास गर्दा अवलम्बन गर्नुपर्ने विधिहरुलाई प्रस्टयाइएको छ।

"बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२" नेपाल सरकारको मन्त्रिपरिषद्वारा मिति २०७२ आश्विन १३ गते स्वीकृत भएको यो मापदण्ड नेपालका सबै स्थानीय तहमा भवन निर्माणका लागि अनिवार्य न्यूनतम मापदण्डका रूपमा लागू भएको छ । यो मापदण्ड २०७२ चैत्र २६ गते नेपाल राजपत्रमा प्रकाशित भएको थियो भने पुनः संशोधन भई २०७३ चैत्र २८ गते नेपाल राजपत्रमा प्रकाशित भएको थियो । यस मापदण्डका आधारभूत प्रावधानको प्रतिकूल नहुने गरी स्थानीय तहहरुले आफ्नो आवश्यकतानुसार विस्तृत मापदण्ड तयार गर्न सक्दछन् ।

"स्थानीय सरकार सञ्चालन ऐन्, २०७४" नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तथा स्थानीय सरकारको सञ्चालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २९६

को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसद्ले यो ऐन बनाएको छ। यो ऐनको प्रमाणीकरण मिति २०७४ आश्विन २९ गते भएको हो। स्थानीय सरकार सञ्चालन ऐन् २०७४ को परिच्छेद नं ७ भवन निर्माण तथा सडक सम्बधी व्यवस्थामा मुख्य १८ वटा कार्यहरु छन।

१.३ राष्ट्रिय भवन संहिता

राष्ट्रिय भवन संहिता मानवीय सुरक्षा तथा सामाजिक हित सुनिश्चित गर्न भवनको डिजाईन, निर्माण पद्धति, निर्माण सामग्री तथा उपयोग जस्ता भवनका विभिन्न पक्षहरुलाई नियमन गरी भवनको संरचनात्मक सुरक्षा र क्षति प्रतिरोधात्मक क्षमता सुनिश्चित गर्ने दस्तावेज हो।

भवन ऐन २०५५ को दफा ८ अनुसार भवनलाई चारवटा वर्गमा विभाजन गरिएको छ।

१. "क वर्ग": विकसित मुलुकमा अपनाइएका भवन संहिता समेतको अनुसरण गरी इन्टरनेसनल स्टेट अफ आर्टमा आधारित हुने गरी बनाइने अत्याधुनिक भवनहरु।

२. "ख वर्ग": प्लिन्थ एरिया एक हजार वर्ग फिट भन्दा बढी, भुईंतल्ला सहित तीन तल्ला भन्दा बढी, वा स्ट्रक्चरल स्पान चार दशमलव पाँच (४.५) मिटर भन्दा बढी भएका भवनहरु।

३. "ग वर्ग": प्लिन्थ एरिया एक हजार वर्ग फिट सम्म, भुईंतल्ला सहित तीन तल्लासम्म वा स्ट्रक्चरल स्पान चार दशमलव पाँच (४.५) मिटर सम्म भएका भवनहरु।

४. "घ वर्ग": खण्ड (क), ख) र (ग) मा लेखिए भन्दा बाहेकका काँचो वा पाको इँटा, ढुङ्गा, माटो, बाँस, खर आदि प्रयोग गरी दुईतल्ला सम्म बनाइने साना घर तथा छाप्राहरु।

माथि उल्लेखित चार वर्गका भवनहरुमा आधारित भई राष्ट्रिय भवन संहितालाई पनि चार किसिममा विभाजन गरिएको छ र प्रत्येक किसिमका लागि बेग्ला बेग्लै संहिताहरु तयार गरिएका छन। भवन संहिता प्राविधिक दस्तावेज भएकाले यसमा भवनको सुरक्षा अर्थात् स्ट्रक्चरल सेफ्टीका लागि अवलम्बन गर्नुपर्ने सम्पूर्ण विधिहरु नक्सामा खुलाई नाप समेत राखी खुलाइएको छ। जम्मा २३ वटा खण्डहरु भएको भवन संहिता निम्न अनुसार तयार गरिएको छ :-

१. क वर्गका भवनका लागि :- एन.बी. सी. ०००

२. ख वर्गका भवनका लागि :- एन.बी.सी. १०१ देखि ११४ सम्म, एन.बी.सी. २०६, २०७ र २०८

1. NBC 101: Materials Specifications
2. NBC 102: Unit Weight of Material
3. NBC 103: Occupancy Load (Imposed Load)
4. NBC 104: Wind Load
5. NBC 105:2020 Seismic Design of Buildings in Nepal
6. NBC 106: Snow Load
7. NBC 107: Provisional Recommendation on Fire Safety
8. NBC 108: Site Consideration for Seismic Hazards.
9. NBC 109: Masonry: Unreinforced
10. NBC 110: Plain & Reinforced Concrete
11. NBC 111: Steel
12. NBC 112: Timber
13. NBC 113: Aluminium
14. NBC 114: Construction Safety
15. NBC 206: Architectural Design Requirement.
16. NBC 207: Electrical Design Requirements for (Public Buildings)
17. NBC 208: Sanitary and Plumbing Design Requirements

३. ग वर्गका भवनका लागि :- एन.बी.सी. २०१, २०२ र २०५

18. NBC 201: Mandatory Rules of Thumb: Reinforced Concrete Building with Masonry Infill
19. NBC 202: Guidelines on Load Bearing Masonry
20. NBC 205: Mandatory Rules of Thumb: Reinforced Concrete Building without Masonry Infill

४. घ वर्गका भवनका लागि :- एन.बी.सी. २०३ र २०४

21. NBC 203: Guidelines for Earthquake Resistance Building Construction: Low Strength Masonry
22. NBC 204: Guidelines for Earthquake Resistance Building Construction:
23. Earthen Buildings (EB)

राष्ट्रिय भवन संहिताका २३ वटै खण्डहरु पुस्तिकाका रुपमा प्रकाशन गरिएका छन। यसको सफ्ट कपी र पुस्तकहरु सहरी विकास तथा भवन निर्माण विभाग बबरमहल काठमाडौंबाट प्राप्त गर्न सकिन्छ।

१.४ भवन मापदण्ड

भवन मापदण्ड, योजनाबद्ध विकासलाई सुनिश्चित गर्न, वास्तुकलाको संवद्र्धन् तथा संरक्षण गर्न, सुरक्षालाई सुनिश्चित गर्न र जनस्वास्थ्यलाई संरक्षणगर्न सहरको विकासमा उपयुक्त नियन्त्रण गर्ने विधि हो।

"बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२", मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिको मिति २०७२ असोज १३ गतेको निर्णय अनुसार स्वीकृत भएको थियो। यो मापदण्डको अनुरुप परिमार्जित सुनछहरी गाउँपालिकाको मापदण्ड कार्यान्व्यनमा ल्याइनेछ।

१.५ भवन निर्माण अनुमति प्रक्रिया

सुनछहरी गाउँपालिकाको भवन मापदण्ड तथा राष्ट्रिय भवन संहिता कार्यान्वयन गर्न भवन निर्माण अनुमति प्रक्रिया पालना गर्नु पर्नेछ। यस प्रक्रियामा घरधनीले गाउँपालिकाको भवन मापदण्ड तथा राष्ट्रिय भवन संहिता अनुरुप भवन निर्माणका लागि निवेदन पेश गर्नु पर्नेछ। गाउँपालिकाले निवेदन जाँच, अनुमति प्रमाण-पत्र दिने, निर्माणको स्थलगत निरीक्षण गर्ने र निर्माण सम्पन्न प्रमाण-पत्र दिने कार्य गर्नु पर्नेछ। यस प्रक्रियाका गाउँपालिकाले लिने दस्तुर लिनुपर्नेछ।

२. परिभाषा

२.१ भवन सम्बन्धी

१. "भवन" भन्नाले आवासीय, औद्योगिक, व्यापारिक, कार्यालय, सभागृह, अस्पताल, शीत भण्डार, गोदाम घर वा अन्य कुनै प्रयोगको लागि बनेको कुनै भौतिक संरचना सम्झनु पर्छ र सो शब्दले त्यस्तो संरचनाको कुनै भागलाई समेत जनाउँदछ।

२. "भवन संहिता" भन्नाले नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय भवन संहितालाई जनाउँदछ।

३. "भवन मापदण्ड" भन्नाले गाउँपालिकाबाट लागू गरिएको संशोधन संहिताको " **भवन निर्माण मापदण्ड तथा नक्शापास कार्यविधि, २०८२**"लाई जनाउँदछ ।

४. "उपयोग (OCCUPANCY) भन्नाले कुन प्रयोजनको निमित्त भवन निर्माण भएको हो वा निर्माण प्रस्ताव गरिएको हो जस्तैः आवास, व्यापारिक, शीतभण्डार, गोदामघर, संयुक्त आवासगृह, अस्पताल, विद्यालय आदिलाई जनाउँदछ।

५. "भवन निर्माण" भन्नाले नयाँ भवन बनाउने, पुरानो भवन भत्काई पुनः निर्माण गर्ने, तल्ला थप गर्ने, मोहडा फेर्ने वा साविकको भवनमा झ्याल, ढोका, बार्दली, कौसी, दलान आदि थपघट गरी बनाउने वा सोसँग सम्बन्धीत अन्य कार्यलाई जनाउँदछ।

६. "नक्सा" भन्नाले भवन निर्माण सम्बन्धी गाउँपालिकाले तोकेको ढाँचा अनुसार स्वीकृति प्राप्त अख्तियारवाला व्यक्ति वा संस्था वा परामर्शदाताले बनाएको सम्पूर्ण रेखाचित्र, विवरण र अन्य कागजपत्रलाई जनाउँदछ।

७. "परामर्शदाता" भन्नाले गाउँपालिकामा दर्ता भएका भवनको नक्सा डिजाईन तथा निर्माण सुपरिवेक्षण गर्न अनुमति प्राप्त (Consultancy) फर्म वा व्यक्ति (Engineer/ Sub Engineer) लाई जनाउँदछ।

८. "निर्माण सुपरिवेक्षक" भन्नाले सम्बन्धीत भवन संरचना निर्माण गर्दा गाउँपालिकाले तोकेको ढाँचामा निर्माण कार्यको सुपरिवेक्षण गर्ने जिम्मा लिएको व्यक्ति वा परामर्शदातालाई जनाउँदछ।

९. "सर्जमिन" भन्नाले भवन निर्माण सम्बन्धमा सम्बद्ध जग्गा, बाटो, सँधियार आदि विषयमा सम्बद्ध वडाका जनप्रतिनिधिको रोहवरमा जग्गाको तीनै दिशातर्फको सँधियार सहित कम्तीमा ७ जना स्थानीय भद्र भलाद्दमीको स्पष्ट भनाइ सहीछाप सहित समावेश गरी तयार गरिएको लिखतल्लाई जनाउँदछ।

१०. "भवन निर्माण अनुमति" भन्नाले भवन मापदण्ड र भवन संहिता अनुसार गरिने भवन निर्माण कार्यको लागि अधिकार प्राप्त स्थानीय तहले लिखित रुपमा दिइने औपचारिक अनुमतिपत्रलाई जनाउँदछ।

२.२ भवन मापदण्ड सम्बन्धी

११. "तल्ला" भन्नाले भवन वा निर्माणको भुईंहरु वा भुईंदेखि सिलिङ बिचको भागलाई जनाउँदछ।

१२. कित्ता' भन्नाले कुनै पनि व्यक्ति वा संस्थाको स्वामित्वमा दर्ता भएको भनी जग्गाधनी प्रमाण-पत्रले किटान गरेको र नम्बर तोकिएको क्षेत्रलाई जनाउँदछ।

१३. "प्लिन्थ" भन्नाले कुनै पनि भवन वा निर्माणको जमिनको सतह भन्दा माथि रहेको र भुईं तल्लाको सतहभन्दा मुनिको भागलाई जनाउँदछ।

१४. "प्लिन्थ लेभल" भन्नाले भुईतँ लाको भुईंको सतह अर्थात ड्याम्प पुरफ कोर्स (डि.पि.सि.)को सतहलाई जनाउँदछ।

१५. "प्लिन्थ एरिया" भन्नाले भूमिगत तल्ला वा कुनै तल्लाको गारो सहितको सम्पूर्ण ढाकिएको क्षेत्रफललाई जनाउँदछ ।

१६. "सुपरस्ट्रक्चर" भन्नाले प्लिन्थ लेभल भन्दा माथिल्लो भागलाई जनाउँदछ ।

१७. "ग्राउण्ड कभरेज" भन्नाले निर्माण हुने भवनको प्लिन्थ क्षेत्रफलले ओगट्ने जग्गाको भू-भागलाई जनाउँदछ। प्लिन्थ एरियामा गणना नहुने पुरै वा आंशिक रुपमा भवनभित्र पर्ने चोक मुनी बेसमेन्ट बनाएको अवस्थामा त्यसलाई पनि ग्राउण्ड कभरेजमा नै समावेश गर्नु पर्नेलाई जनाउँदछ ।

१८. "उपयोग परिवर्तन" भन्नाले एक उपयोगबाट अर्को उपयोग गर्नेलाई जनाउँदछ ।

२.३ स्थानीय तह सम्बन्धी

१९. "स्थानीय तह" भन्नाले सुनछहरी गाउँपालिकालाई जनाउँदछ ।

२०. "गाउँपालिका" भन्नाले संविधान बमोजिम स्थापना भएको जननिर्वाचित निकाय सुनछहरी गाउँपालिकालाई जनाउँदछ।

२१. "वडा" भन्नाले सुनछहरी गाउँपालिकाको वडालाई जनाउँदछ ।

२२. "अध्यक्ष" भन्नाले सुनछहरी गाउँपालिकाको अध्यक्षलाई जनाउँदछ ।

२३. "उपाध्यक्ष" भन्नाले सुनछहरी गाउँपालिकाको उपाध्यक्षलाई जनाउँदछ ।

२४. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले दफा ८४ बमोजिमको सुनछहरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत (सरकारी कर्मचारी) लाई जनाउँदछ ।

२५. "वडा अध्यक्ष" भन्नाले सुनछहरी गाउँपालिकाको वडाको अध्यक्षलाई जनाउँदछ ।

२६. "पदाधिकारी" भन्नाले सुनछहरी गाउँपालिकाको कार्यपालिकाको अध्यक्ष, प्रमुख, उपाध्यक्ष, उपप्रमुख, वडा अध्यक्ष तथा कार्यपालिकाका अन्य सदस्यलाई जनाउँदछ।

२७. "कार्यपालिका" भन्नाले सुनछहरी गाउँपालिकाको गाउँ कार्यपालिकालाई जनाउँदछ ।

२८. "गाउँसभा" भन्नाले संविधानको धारा २२३ को उपधारा (१) बमोजिमको सुनछहरी गाउँ सभालाई जनाउँदछ ।

२९. "सभा" भन्नाले सुनछहरी गाउँ सभालाई जनाउँदछ ।

३०. "न्यायिक समिति" भन्नाले संविधानको धारा २१७ बमोजिमको सुनछहरी गाउँपालिकाको न्यायिक समितिलाई जनाउँदछ ।

३१. "वडा समिति" भन्नाले संविधानको धारा २२२ को उपधारा (४) र धारा २२३ को उपधारा (४) बमोजिमको सुनछहरी गाउँपालिकाको वडा समितिलाई जनाउँदछ।

३२. "मन्त्रालय" भन्नाले स्थानीय तह हेर्ने नेपाल सरकारको मन्त्रालयलाई जनाउँदछ ।

३३. "संविधान" भन्नाले नेपालको संविधानलाई जनाउँदछ ।

३४. "स्थानीय कानुन" भन्नाले सुनछहरी गाउँपालिकाको गाउँ सभाले बनाएको कानुनलाई जनाउँदछ ।

३५. "शाखा प्रमुख" भन्नाले सुनछहरी गाउँपालिकाको भवन तथा बस्ती विकास शाखाको प्रमुखलाई जनाउँदछ ।

३६. "अमिन/सर्भेक्षक" भन्नाले सुनछहरी गाउँपालिकाको भवन तथा बस्ती विकास शाखामा कार्यरत जग्गाको आधिकारिक नाप गर्ने प्राविधिक कर्मचारीलाई जनाउँदछ ।

३७. "प्राविधिक" भन्नाले सुनछहरी गाउँपालिकाको भवन तथा बस्ती विकास शाखामा कार्यरत प्राविधिक कर्मचारीलाई जनाउँदछ ।

३. भवनको वर्गीकरण

३.१ भवनको प्रयोजन अनुसार भवनको वर्गीकरण

१. **"आवासीय भवन":-** आवासीय भवन भन्नाले साधारण आवासीय प्रयोगमा आउने सुत्ने, बस्ने भवन जसमा पकाउने सुविधाहरु रहेको हुने र यसले एक वा बढी परिवारको बसोबास, फ्लाटहरु र निजी ग्यारेजहरुलाई जनाउँदछ ।

२. **"सरकारी कार्यालय":-** सरकारी कार्यालय भन्नाले राष्ट्रपति तथा उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, सङ्घीय संसद्, प्रदेश सभा, संवैधानिक निकाय, नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, प्रदेश प्रहरी लगायतका सबै किसिमका सरकारी कार्यालय र अदालतल्लाई जनाउँदछ ।

३. **"शैक्षिक भवन":-** शैक्षिक भवन भन्नाले उपयुक्त बोर्ड वा विश्वविद्यालय वा अन्य अधिकार प्राप्त निकायबाट मान्यता प्राप्त विद्यालय वा उपमहाविद्यालयको रुपमा पूर्ण रुपले प्रयोग हुने भवनलाई जनाउँछ । यसमा प्रशिक्षणको लागि उपयोग हुने भवन शैक्षिक उद्देश्यको लागि आवश्यक मनोरञ्जन तथा अनुसन्धान प्रतिष्ठानहरु समेत समावेश हुन्छन् । यसमा अत्यावश्यक

कर्मचारीहरुको लागि आवासीय भवनहरु र शैक्षिक संस्थासँग आवद्ध आफ्नो परिसरभित्र वा बाहिर रहेका छात्रावासहरुलाई समेत जनाउँदछ ।

४. **"सभा/सामुदायिक भवन"**:- सभा भवन भन्नाले रमाइलो गर्न, मनोरञ्जनको लागि सामाजिक, धार्मिक भ्रमण वा अन्य उद्देश्यहरुको लागि जनसमूह भेला हुने भवन वा भवनको भाग । प्रदर्शन कला र चलचित्रहरूको उत्पादन र दृश्यको लागि जस्तै चलिचित्र भवन, नाचघर, कन्सर्ट हल आदि । खानापिन, भोज तथा मनोरञ्जन कार्यमा प्रयोग हुने जस्तै बैंक्वेट हल, क्यासिनो हल, नाइट क्लब, रेस्टुरेन्ट, क्याफेटेरिया, बार आदि । सभा, पूजा, मनोरञ्जन वा अन्य सम्बन्धी प्रयोगको लागि जस्तै प्रदर्शनी हल, शारीरिक व्यायामशाला, संग्रहालय, क्लब, जीमखाना, पुस्तकालय, इनडोर खेलकुद हल, धार्मिक पूजा स्थान, भजनघर आदि । बाहिरी गतिविधिहरूमा भाग लिन वा हेर्नका लागि जस्तै मनोरञ्जन पार्कको संरचना, रंगशाला आदि । रेल्वे, हवाईजहाज, वा अन्य सार्वजनिक यातायातका स्टेसन र टर्मिनल भवन आदिलाई जनाउँदछ ।

५. **"व्यावसायिक तथा कार्यालय भवन"** :- व्यावसायिक तथा कार्यालय भवन भन्नाले व्यावसायिक कारोबार, लेखा अभिलेख राख्ने कार्यालय, बैंक, पेशागत फर्महरु, व्यावसायिक कारोबारमा प्रयोग हुने कुनै पनि भवन वा भवनको भागलाई जनाउँछ ।

६. **"कारखाना र औद्योगिक भवन"**:- कारखाना र औद्योगिक भवन भन्नाले एसेम्वली प्लान्ट, प्रयोगशाला, पावरप्लान्ट, रिफाइनरी, ग्याँस प्लान्ट, मिल, दुग्ध उद्योग, कलकारखानाहरु जस्ता वस्तु उत्पादन गर्ने, जडान गर्ने, प्याकेजिङ, मर्मत गर्ने वा प्रशोधन गर्नमा उपयोग हुने भवन वा भवनको भागलाई जनाउँछ ।

७. **"संस्थागत भवन"** :- संस्थागत भवन भन्नाले अर्धसरकारी संगठन वा मान्यता प्राप्त गुठीले निर्माण गरेको सांस्कृतिक तथा सम्बद्ध क्रियाकलापहरुका लागि सभा भवन, अडिटोरियम वा शारीरिक वा मानसिक रोगबाट ग्रसित व्यक्तिहरुको स्याहार सुसार गर्ने, शारीरिक अपांगता भएका व्यक्ति, टुहुराहरुको स्याहार सुसार गर्ने, एकल महिला, बालबालिका, गरिब अथवा ज्येष्ठ नागरिकहरुलाई सुत्ने व्यवस्था भएका आश्रय भवनहरु। यसमा निम्न लिखित भवनहरु समावेश हुनसक्छन् जस्तैः धर्मशाला, अस्पताल, कारागार, मानसिक अस्पताल, छात्रावास, अनाथ आश्रम, बृद्धाश्रम, बालसुधारगृह भवनहरु आदिलाई जनाउँदछ ।

८. **"भण्डार गृह"**:- भण्डार गृह भन्नाले भण्डारणको लागि प्रयोग हुने भवन वा भवनको भाग । गोदाम घर, कोल्ड स्टोर, ढुवानी डिपो, परिवहन सेड, स्टोर हाउस, सार्वजनिक ग्यारेज, हयाङगर, ट्रक टर्मिनल, गोठ, तबेलाहरु आदिलाई जनाउँदछ ।

९. **"मर्कन्टाइल"**:- मर्कन्टाइल भन्नाले सामानको प्रदर्शन र बिक्रीका लागि प्रयोग हुने भवन वा भवनको भाग । डिपार्टमेन्ट स्टोर, औषधि पसल, मोटर इन्धन बिक्री केन्द्र, खुद्रा वा होलसेल स्टोरहरू, शो रुम आदिलाई जनाउँदछ ।

१०. **"उच्च जोखिम भवन "**:- उच्च जोखिम भवन भन्नाले विस्फोटक, ज्वलनशील, दहनशील ग्यास वा तरल सामग्रीको उत्पादन, प्रशोधन वा भण्डारणका लागि प्रयोग हुने भवन वा भवनको भाग, जसले शारीरिक वा स्वास्थ्य जोखिम गर्न सक्छ । यस्तो किसिमको भवनलाई जनाउँदछ ।

११. **"अन्यप्रकृतीको भवन"**:- विशेष प्रकृतीको भवन भन्नाले अपार्टमेन्ट भवनहरु, बहुतले भवनलाई जनाउँदछ ।

३.२ भवनको प्रयोजन अनुसार अनुमति प्रक्रिया

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार, भवनहरुको हरेक किसिमका प्रयोजन अनुसार निर्माणको लागि गाउँपालिकाबाट भवन निर्माण अनुमति लिनु पर्नेछ । गाउँपालिकामा भवन निर्माण गर्न चाहने व्यक्ति, सरकारी कार्यालय, वा संघसंस्थाले भवन निर्माण गर्न अनुमतिको लागि भवनको नक्सा सहित तोकेको ढाँचामा गाउँपालिका समक्ष दरखास्त दिनु पर्नेछ । भवन निर्माण गर्ने अनुमतिको लागि दरखास्त दिँदा कुनै संवेदनशील सरकारी निकायले राष्ट्रिय सुरक्षाको दृष्टिले भवनको विस्तृत नक्सा पेश गर्न नमिल्ने भएमा त्यस्तो दरखास्तमा भवनको लम्बाइ, चौडाइ, उचाइ र तल्ला तथा जम्मा क्षेत्रफल मात्र उल्लेख गरेर दरखास्त दिन सक्नेछन् ।

- *सुनछहरी गाउँपालिकाबाट भवन निर्माण अनुमति जुन प्रयोजनका लागी भनेर लिएको छ, सो भन्दा बाहेक अन्य प्रयोजनका लागी उक्त भवन प्रयोग गर्न पाइने छैन ।*

३.३ भवन संहिताको वर्गीकरण अनुसार अनुमति प्रक्रिया

गाउँपालिकामा बन्ने भवनहरुको निर्माण अनुमति प्रक्रियालाई २ वटा प्रक्रियामा विभाजन गरिएको छ। यी २ वटा प्रक्रिया भवन संहिताको वर्गीकरणको आधारमा गरिएको छ। जसमा पहिलो प्रक्रिया 'क', 'ख' र 'ग' वर्गको भवनको लागि मात्र लागु हुनेछ ।त्यस्तै गरी अरु प्रक्रिया 'घ' वर्गको भवनहरुको लागि लागु हुनेछ। भवन अनुमति प्रक्रियाको अनुमति चरण र नागरिक बडापत्र अनुसूची १ र २ मा उल्लेख गरिएको छ।

"क", "ख" र "ग" वर्गको भवन निर्माण अनुमति प्रक्रियामा घरधनीका परामर्शदाताले निवेदन पेश गर्नु पर्नेछ। गाउँपालिकाको प्राविधिकले निवेदन जाँच र स्थलगत निरीक्षण तथा थलोमै सर्जमिन गर्नु पर्नेछ। घरधनीको प्राविधिक सुपरिवेक्षकले स्थलगत प्रतिवेदन तयार गर्नु पर्नेछ र प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको व्यक्तिले अनुमति तथा सम्पन्न प्रमाण-पत्र स्वीकृति दिनु पर्नेछ। यो प्रक्रिया भवन निर्माण अनुमति तथा नक्सापास, सर्जमिन, प्लिन्थ निर्माण, सुपरस्ट्रकचर निर्माण र सम्पन्न प्रमाणीकरण चरणहरुमा गर्नु पर्नेछ ।

"घ" वर्गको भवन र कम्पाउण्ड वाल निर्माण अनुमति प्रक्रियामा घरधनीले निवेदन पेश गर्नु पर्नेछ, गाउँपालिकाको वडा प्राविधिक वा वडा सदस्यले निवेदन जाँच र स्थलगत निरीक्षण तथा सर्जमिन गर्नु पर्नेछ र प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको व्यक्तिले अनुमति तथा सम्पन्न प्रमाण-पत्र स्वीकृति दिनु पर्नेछ। यो प्रक्रिया भवन निर्माण अनुमति, सर्जमिन र सम्पन्न प्रमाणीकरण चरणहरुमा गर्नु पर्नेछ। यो प्रक्रियामा निवेदन, निवेदन जाँच र स्थलगत निरीक्षण सरलीकृत हुनेछ।

३.४ गाउँपालिका क्षेत्रभित्र बन्ने सबै भवनहरुको डिजाइन तथा नक्सा पास गरी ईजाजत लिनुपर्ने ।

सुनछहरी गाउँपालिका क्षेत्रमा निर्माण हुने भवनहरु जस्तै निजि भवन, सरकारी, अर्धसरकारी, शिक्षणसंस्था, अस्पताल, सरकारी कार्यालयहरु समेतले सुनछहरी गा.पा बाट अनिवार्य पूर्व स्वीकृति लिएर मात्र (नयाँ भवन, तल्ला थप, थपघर समेत) भवन निर्माण गर्नु पर्नेछ। सुनछहरी गाउँपालिका भित्र बन्ने सम्पूर्ण भवनहरुको भूकम्पीय एवं अन्य प्रकोप जोखिमबाट सुरक्षाको सुनिश्चितताका लागि संरचनात्मक डिजाइन (Structural Design) गरिएको हुनु पर्दछ। यसका लागि निम्न अनुसार हुनु पर्दछ :-

क. सबै वर्गमा पर्ने भवनहरु भूकम्पीय सुरक्षाको दृष्टिकोणले भवन संहिताका प्रावधान अनुसार डिजाइन र निर्माण गर्नु पर्नेछ । निजी आवाशीय, वा अन्य जुनसुकै प्रयोजनका लागि बन्ने भवनहरु तथा सरकारी वा जुनसुकै निकायद्वारा निर्माण गरिने भवनहरुका हकमा पनि यो प्रावधान लागू हुनेछ । नयाँ निर्माणका अतिरिक्त पुनःनिर्माण, आंशिक निर्माण तथा मोहोडा फेर्ने कार्यमा समेत निर्माण संहिता अनुसार गर्नु पर्नेछ ।

ख. "क" वर्गका इन्टरनेशनल स्टेट अफ द आर्ट डिजाइन पद्धति अनुसार डिजाइन गरिने भवनहरुमा नेपालकोभूकम्पीय विशेषता समेत विचार गरिएका हुन पर्दछ । भवन बन्ने ठाउँको जमीनको परीक्षण (Soil Test) गरीएको आधारमा सुरक्षित भार बहन क्षमता (Safe Bearing Capacity) लिइ जगको डिजाइन गरिएको हुन पर्दछ । (International State of the Arts) पद्धति अनुसारनै डिजाइनरले नयाँ निर्माण सामग्री र निर्माण पद्धतिका प्रयोग गर्ने गरी भवनहरुका डिजाइन गर्न सक्न छन । तर सो निर्माण सामग्री तथा निर्माण पद्धति उपयुक्त तथा पर्याप्त छ भनी आवश्यक कागजात (Documents), तथ्याङ्क (Data) तथा तथ्यहरु (Fact and Figures) प्रस्तुत गर्ने र प्रमाणित गर्ने दायित्व डिजाइनर को नै हुनेछ ।

ग. "ख" वर्गमा पर्ने भवनहरुको डिजाइन गर्दा भवनका विभिन्न भागहरुमा आउने भार Load को हिसाब गर्दा संहिताका सम्बन्धीत खण्डहरुमा दिइएका भारकोमापदण्ड अनुसार गर्नु पर्नेछ । सो न्यूनतम भार भन्दा कम भारका लागि डिजाइन गर्न पाइने छैन ।

घ. "ख", "ग" र "घ" वर्गमा पर्न सक्ने जुनसुकै भवनलाई पनि "क" वर्गका स्टेट अफ द आर्ट पद्धतिबाट डिजाइन गर्न सकिनेछ । तर त्यसो गर्दा स्पष्ट संग स्टेट अफ द आर्ट मुताविक डिजाइन गरिएको भनी उल्लेख गर्नु पर्नेछ र सम्पूर्ण प्रावधानहरु सोही अनुसार पालना गरिएको हुनु पर्नेछ ।

ङ. "ग" र "घ" वर्गमा पर्ने भवनहरु भवन संहिताका खण्डहरु क्रमशः म्यान्डेटरी रुल्स अफ थम्ब (Mandatory Rules of Thumbs) तथा निर्देशिका (Guidelines) मा दिइएका प्रावधानहरु अनुसार डिजाइन गर्नु पर्दछ । संहिताको उपर्युक्त खण्डहरुमा दिइएका प्रकृतिका भवनहरु मात्र तिनीहरुमा रहेका प्रावधान अनुसार डिजाइन गर्न पाइनेछ । त्यस बाहेकका फरक प्रकृतिका सम्पूर्ण भवनहरु न्यूनतम "ख" वर्गका डिजाइन पद्धति वा "क" वर्गका पद्धतिबाट डिजाइन गर्नु पर्ने छ । तर "ग" र "घ" मा पर्ने भवनहरुलाई पनि "ख" वर्गको अनुसार Detail Analysis/ Design Calculation गरी डिजाइन गर्न सकिनेछ ।

भवन जुन प्रयोग (Functional Use) जस्तैः आवाशीय, व्यापारिक, शैक्षिक इत्यादि कुन प्रयोजनका लागि डिजाइन गरिएका हो र स्वीकृति लिइएका हो त्यही प्रयोजनमा मात्र उपयोग गर्नु पर्ने छ । भवनको प्रयोग परिवर्तन गर्नु परेमा वा तल्ला थप्न वा जोड्न परेमा (Horizontal Expansion) सोही अनुसार डिजाइन निर्माण परिर्वतन गरी स्वीकृति लिएर मात्र परिवर्तन गर्नु पर्दछ ।

- *निर्माणधीन र निर्माण भइसकेको घर वा संरचनाको नक्सपाश हुने छैन ।*

४. भवन निर्माण अनुमति प्रक्रिया

४.१ 'क','ख' र 'ग' वर्गको भवन

४.१.१ अनुमति तथा नक्सापास, जग्गाको प्रमाणीकरण र जग निर्माण

निवेदन पेश

भवन निर्माण गर्न चाहने व्यक्ति, संस्था वा सरकारी कार्यालयले भवन निर्माण अनुमतिको लागि गाउँपालिकाले तोकेको ढाँचा र दरखास्त फाराममा गाउँपालिका समक्ष दरखास्त दिनु पर्नेछ । यो दरखास्त फाराम भवन डिजाईन गर्ने परामर्शदाताहरुले वा वारेसले पनि वडा बाट बनाएको वारेशनामा मार्फत बुझाउन सक्नेछन् । गाउँपालिकाले नक्सा रुजु जाँच गर्ने प्रक्रियामा परामर्शदातालाई सम्पर्क गर्न सक्नेछ । भवन निर्माण अनुमति निवेदन पेश गर्दा अनुसूची ३.१ मा भएको दरखास्त फाराम, अनुसूची ४.१ मा उल्लेख गरे बमोजिमका कागजातहरु, अनुसूची ५.१, ५.२, ५.३ मा तोकेको ढाँचाको नक्सा र भवन डिजाईनको प्रतिवेदन सँलग्न हुनु पर्नेछ ।

निवेदन दर्ता तथा जाँच

पेश भएका कागजातहरु अनुसूची ४.१ अनुसार गाउँपालिकाको भवन तथा बस्ती विकास शाखाको कर्मचारीले जाँच गर्नु पर्नेछ । सबै कागजातहरु भएको अवस्थामा प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको व्यक्ति बाट दर्ता गरिनेछ। दर्ता भइसकेपछि गाउँपालिकाको अमिन/सर्भेक्षक बाट गाउँपालिकाको मापदण्ड अनुसार भवनको जग्गा सम्बन्धी नक्सा र कागजातहरु जाँच गरिनेछ ।

सँधियारको नाममा सूचना र डिजाईन तथा नक्साको जाँच

यस चरणमा भवन तथा बस्ती विकास शाखाको इन्जिनियर वा तोकिएको कर्मचारीले सँधियारको नाममा १५ दिने सूचना जारी गर्नु पर्नेछ । सो सूचना गाउँपालिकाको भवन तथा बस्ती विकास शाखाको कर्मचारी बाट जारी भएपछि जग्गाधनी/वारेस लाई बुझाइने छ, र स्वयम् जग्गाधनी/वारेस लिएको व्यक्तिले संधियारलाई दिनुपर्ने र एक प्रति वडामा बुझाउनु पर्ने छ। सँधियारका नाममा सूचना जारी भएको मितिले ७ दिन सम्म सँधियारले गाउँपालिका उजुरी निवेदन दिन सक्नेछ । यदि यसरी उजुरी परेमा उजुरीको प्रकृति हेरी गाउँपालिकाको भवन तथा बस्ती विकास शाखाले आफै वा गाउँपालिकाबाट न्यायिक समितिको रोहबरमा विवाद

समाधानको कदम चलाइनेछ । यो सूचना अवधिमा भवन निर्माण अनुमति वा नक्शा पास हुने छैन । १०,००० वर्ग फिट माथि, १७ मिटर उचाई भन्दा माथि वा विशेष प्रकारको भवनको लागि सल्लाहकार तथा विज्ञ टोलीबाट जाँच गरिनेछ ।

सर्जमिन र राजश्व दाखिला

गाउँपालिका कार्यालयबाट सँधियारका नाममा सुचना जारी भएको मितिले १५ दिन भित्र कुनै पनि लिखित उजुरी नपरेमा ७ दिन पछि गाउँपालिकाको घरनक्सा शाखाको अमिन/सर्भेक्षकले दिएकोको समय अनुसार घरधनीले आफैले सँधियार तथा अन्य न्यूनतम ६ जना छिमेकीहरु, सम्बन्धीत वडाका जनप्रतिनिधी स्थलगतरुपमा भेला गर्नु पर्दछ । यी सबैको उपस्थितिमा अमिन/सर्भेक्षकले वडाका जनप्रतिनिधीहरुको रोहबरमा सम्बन्धीत जग्गाको चरकिला एकिन गरि सर्जमिन गर्नु पर्नेछ । सर्जमिनमा उपस्थित घरधनी, सँधियार, छिमेकी र वडाका जनप्रतिनिधिको रोहबरमा भएका कुराहरु खुलाई सर्जमिन मुचुल्का तयार गरी प्राविधिक प्रतिवेदन पेश गर्नु पर्नेछ । सर्जमिन गर्दा कुनै दिशाका सँधियार फेला नपरेमा कम्तिमा ७ दिने हकदावी सूचना पत्रिकामा प्रकाशित गर्नु पर्नछ । सर्जमिन गर्ने अमिन/सर्भेक्षकले गाउँपालिकाको भवन मापदण्ड तथा नापी नक्सा अनुसार जग्गा प्रमाणीकरण कार्य गरी प्राविधिक प्रतिवेदन पेश गर्नु पर्नेछ ।

नक्सा, कागजातहरु जाँच र सर्जमिनबाट जग्गाप्रमाणित भएपछि राजश्व शाखामा सुनछहरी गाउँपालिकाले तोकेको बमोजिम नक्सापास दस्तुर तिर्नुपर्ने छ ।

प्लिन्थसम्मको निर्माण अनुमति

गाउँपालिकाको भवन तथा बस्ती विकास शाखाको अमिन/सर्भेक्षकबाट जग्गाको प्रमाणीकरण; इन्जिनियरबाट नक्साहरुको जाँच प्रमाणित भएपछि र घरधनीले राजश्व तिरेपछि प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको व्यक्तिले प्लिन्थसम्मको निर्माण अनुमति पत्र स्वीकृत गर्नु पर्नेछ ।भवनको साइट प्लान अमिन/सर्भेक्षकले अनिवार्य चेकजाँच गरेर सहि गरि प्रमाणित गर्नु पर्नेछ ।

स्थलगत सुपरिवेक्षण

यस चरणमा घरधनीको प्राविधिक सुपरिवेक्षकले प्लिन्थसम्मको निर्माणको क्रममा लेआउट, जग खन्ने, डण्डी काट्दा, डण्डी बाँध्दा, जग ढलान, पिलर बुन्ने, बीम बुन्ने, पिलरको लेआउट जाँच, प्लिन्थ लेबलको जाँच गर्दा आफ्नो सुपरिवेक्षणमा गर्नु पर्नेछ । यस प्लिन्थसम्मको निर्माणको विभिन्न चरणको सुपरिवेक्षण प्रतिवेदन तयार गर्नु पर्नेछ । साथै घरधनी वा सुपरिवेक्षकले भवन तथा बस्ती विकास शाखामा अनिवार्य जानकारी गराई गाउँपालिकाको प्राविधिकले प्लिन्थ निर्माण अनुमति नक्सा अनुसार लेआउट, बुनेको पिलरको डण्डी, बुनेको बीमको डण्डी, बुनेको जगको डण्डी स्थलगत जाँच र प्रमाणीकरण गर्नु पर्नेछ ।

४.१.२ सुपरस्ट्रकचर निर्माण

<u>निवेदन पेश</u>

घरधनीले प्लिन्थ निर्माण अनुमति अनुसार निर्माण गरिसकेपछि गाउँपालिकामा सुपरस्ट्रकचर निर्माणको अनुमतिको लागि निवेदन दिनु पर्नेछ । उक्त निवेदनको साथमा सुपरिवेक्षकले तयार गरेको प्लिन्थ निर्माणको प्राविधिक प्रतिवेदन र निर्माण गरेको संरचनाको फोटो संलग्न गर्नु पर्नेछ ।घरधनीले स्वीकृत नक्सामा संशोधन गर्नु पर्नेमा छुट्टै निबेदन आवस्यक कागजात, संशोधित नक्सा र सुपरिवेक्षकको प्रतिवेदन सहित पेश गर्नु पर्ने छ।

<u>निवेदन जाँच र स्थलगत निरीक्षण</u>

पेश भएको निवेदन र प्राविधिक प्रतिवेदन गाउँपालिकाको प्राविधिकले जाँच गर्नु पर्नेछ । साथै गाउँपालिकाको प्राविधिकले प्लिन्थ निर्माण अनुमति अनुसार निर्माणको स्थलगत जाँच गर्नु पर्नेछ । स्थलगत जाँच गर्दा गाउँपालिकाको भवन मापदण्ड र प्लिन्थ निर्माण अनुमति अनुसार निर्माणको प्रमाणीकरण कार्य गर्नु पर्नेछ । स्थलगत निरीक्षणका क्रममा घरधनी, सुरपरिवेक्षक र ठेकेदारको अनिवार्य उपस्थिति हुनुपर्नेछ । उक्त निवेदन र स्थलगत जाँचको आधारमा सुपरस्ट्रकचर निर्माणको अनुमति पत्र दिनु पर्नेछ । संशोधन निबेदनको हकमा गाउँपालिकाको अमिन/सर्भेक्षक र इन्जिनियरले स्थलगत जाँच गर्दा भवन मापदण्ड र भवन

सहिंता अनुरुप सहि भए मात्र संशोधित नक्सा भवन तथा बस्ती विकास शाखाका इन्जिनियरले स्वीकृत गरेर निर्माण अनुमति दिनु पर्नेछ ।

सुपरस्ट्रकचर निर्माणको अनुमति

प्लिन्थ निर्माण प्रतिवेदन र स्थलगत जाँचको प्राविधिक प्रतिवेदन तथा टिप्पणीको आधारमा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको व्यक्तिले सुपरस्ट्रकचर निर्माणको अनुमति-पत्र स्वीकृत गर्नुपर्नेछ ।

स्थलगत सुपरिवेक्षण

यस चरणमा घरधनीको प्राविधिक सुपरिवेक्षकले सुपरस्ट्रकचर निर्माणको क्रममा पिलरको डण्डी बाँध्दा, पिलर-बिम जोर्नीको डण्डी बाँध्दा, छतको डण्डी बाँध्दा र ढलान गर्दा आफ्नो सुपरीवेक्षणमा गर्नुपर्नेछ । यस सुपरस्ट्रकचर निर्माणको विभिन्न चरणको सुपरिवेक्षण प्रतिवेदन तयार गर्नुपर्नेछ । सुपरिवेक्षकले हरेक तल्लाको सुपरिवेक्षण प्रतिवेदन तयार गर्नुपर्नेछ र विशेष प्रकृतिको भवनको लागि गाउँपालिकाको प्राविधिकले हरेक तल्लामा २ वा ३ पटक सुपरिवेक्षण गर्नु पर्नेछ ।

४.१.३ निर्माण सम्पन्न

निवेदन पेश

घरधनीले सुपरस्ट्रकचर निर्माण अनुमति अनुसार निर्माण गरि रंङ्ग-रोगन सकेर, झ्याल ढोका सटर इत्यादी जडान गरिसकेर घरको सम्पुर्ण फिनिसिङ भएपछि गाउँपालिकामा गई निर्माण सम्पन्न प्रमाण-पत्रको लागि निवेदन दिनु पर्नेछ । उक्त निवेदनको साथमा सुपरिवेक्षकले तयार गरेको हरेक तल्लाको सुपरस्ट्रकचर निर्माणको प्राविधिक प्रतिवेदन संलग्न गर्नु पर्नेछ ।

निवेदन जाँच र स्थलगत निरीक्षण

पेश भएको निवेदन र प्राविधिक प्रतिवेदन गाउँपालिकाको प्राविधिकले तोकिएको मापदण्ड अनुसार जाँच गर्नु पर्नेछ । साथै गाउँपालिकाको प्राविधिकले स्थलगत जाँच गर्नुपर्नेछ । स्थलगत जाँच गर्दा गाउँपालिकाको भवन मापदण्ड र सुपरस्ट्रकचर निर्माण अनुमति अनुसार निर्माणको प्रमाणीकरण कार्य गर्नु पर्नेछ । स्थलगत निरीक्षणका क्रममा घरधनी, सुरपरिवेक्षक र ठेकेदारको अनिवार्य उपस्थिति हुनुपर्नेछ । उक्त निवेदन र स्थलगत जाँचको आधारमा सम्पन्न प्रमाण-पत्र दिनु पर्नेछ । निर्माण सम्पन्नको निबेदनमा कित्ताकाट भएर निर्माणधीन घर भएको जग्गाको कित्ता नं. वा क्षेत्रफल फरक परेमा पुनः अमिन/सर्भेक्षक बाट स्थलगत नापजाँच वा नापी नक्सा नापजाँच अनुसार ठिक भए अमिन/सर्भेक्षक प्रतिबेदनका आधारमा सम्पन्न प्रमाण पत्र दिनु पर्नेछ

सम्पन्न प्रमाण-पत्र

सुपरस्ट्रकचर निर्माण प्रतिवेदन र स्थलगत जाँचको प्रतिवेदन गाउँपालिकाको भवन तथा बस्ती विकास शाखा इन्जिनियरबाट प्रमाणित भएपछि गाउँपालिकामा सम्पन्न प्रमाण पत्र दस्तुर तिराई प्राविधिक प्रतिवेदन तथा टिप्पणीका आधारमा प्रमुख प्रशासकीय अधिकृतले वा निजले तोकेको कर्मचारीबाट निर्माण सम्पन्न प्रमाण-पत्र दिनु पर्नेछ ।

४.२ 'घ' वर्गको भवन र कम्पाउण्ड वाल

४.२.१ अनुमति तथा नक्सापास, जग्गाको प्रमाणीकरण र भवन निर्माण

निवेदन पेश

भवन निमाण गर्न चाहने व्यक्ति, संस्था वा सरकारी कार्यालयले भवन निर्माण अनुमतिको लागि गाउँपालिकाले तोकेको ढाँचा र दरखास्त फाराममा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको व्यक्ति लाई सम्बोधन गरी दरखास्त दिनु पर्नेछ । भवन निर्माण अनुमति निवेदन पेश गर्दा अनुसूची ३.२ मा भएको दरखास्त फाराम, अनुसूची ५.१ र ५.२ मा तोकेको ढाँचाको नक्सा र अनुसूची ४.२ मा उल्लेख गरे बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

निवेदन दर्ता तथा जाँच

पेश भएका कागजातहरु अनुसूची ४.२ अनुसार गाउँपालिकाको भवन तथा बस्ती विकास शाखाको कर्मचारीले जाँच गर्नु पर्नेछ ।तोकिए बमोजिम सबै कागजातहरु भएको अवस्थामा प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको व्यक्तिले दर्ता गर्नु पर्नेछ ।

सँधियारको नाममा सूचना र डिजाईन तथा नक्साको जाँच

यस चरणमा तथा बस्ती विकास शाखाको इन्जिनियर वा तोकिएको कर्मचारीले सँधियारको नाममा ७ दिने सूचना जारी गर्नु पर्नेछ । सो सूचना गाउँपालिकाको भवन तथा बस्ती विकास शाखाको कर्मचारी बाट जारी भएपछि जग्गाधनी/वारेस लाई बुझाइने छ, र स्वयम् जग्गाधनी/वारेस लिएको व्यक्तिले संधियारलाई दिनुपर्ने र एक प्रति वडामा बुझाउनु पर्ने छ। सँधियारका नाममा सूचना जारी भएको मितिले ७ दिन सम्म सँधियारले गाउँपालिका उजुरी निवेदन दिन सक्नेछ । यदि यसरी उजुरी परेमा उजुरीको प्रकृति हेरी गाउँपालिकाको भवन तथा बस्ती विकास शाखाले आफै वा गाउँपालिकाबाट न्यायिक समितिको रोहबरमा विवाद समाधानको कदम चलाइनेछ ।

सँधियारको नाममा जारी सूचनाको ७ दिनको अवधिमा गाउँपालिकामा पेश भएको निवेदन र नक्साहरु भवन तथा बस्ती विकास शाखाको प्राविधिकबाट भवन मापदण्ड र भवन संहिताको जाँच गर्नु पर्नेछ ।

सर्जमिन र राजश्व दाखिला

सँधियारका नाममा सूचना जारी भएको मितिले ७ दिनपछि गाउँपालिकाको घरनक्सा शाखाका अमिन/सर्भेक्षकले सर्जमिन गर्नु पर्नेछ । उजुरी नपरेमा सर्जमिन गर्ने प्राविधिकले गाउँपालिकाको भवन मापदण्ड र जग्गा प्रमाणीकरण गर्ने कार्य गर्नु पर्नेछ । सर्जमिनमा उपस्थित घरधनी, सँधियार, छिमेकी र वडाका जनप्रतिनिधिको रोहबरमा भएका कुराहरु खुलाई सर्जमिन मुचुल्का तयार गरी प्रतिवेदन पेश गर्नु पर्नेछ । साथै सँधियार फेला नपरेमा पत्रिकामा ७ दिने हकदावी सुचना प्रकाशन गर्नु पर्नछ ।
नक्सा र कागजातहरुबाट जग्गा प्रमाणित भएपछि राजश्व शाखामा नक्सापास दस्तुर तिर्ने चरणमा जानेछ

भवन निर्माण अनुमति

गाउँपालिकाको भवन तथा बस्ती विकास शाखाको अमिन/सर्भेक्षकबाट जग्गाको प्रमाणीकरण; इन्जिनियरबाट नक्साहरुको जाँच प्रमाणित भएपछि र घरधनीले सुनछहरी गाउँपालिकाले तोकेको बमोजिम राजश्व तिरेपछि प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको व्यक्तिले प्लिन्थसम्मको निर्माण अनुमति पत्र स्वीकृत गर्नु पर्नेछ ।भवनको साइट प्लान अमिन/सर्भेक्षकले अनिवार्य चेकजाँच गरेर सहि गरि प्रमाणित गर्नु पर्नेछ ।

४.२.२ निर्माण सम्पन्न

निवेदन पेश

घरधनीले सुपरस्ट्रकचर निर्माण अनुमति अनुसार निर्माण गरिसकेपछि गाउँपालिकामा गई सम्पन्न प्रमाण-पत्रको लागि निवेदन दिनु पर्नेछ ।

निवेदन जाँच र स्थलगत निरीक्षण

निवेदन पेश भइसकेपछि गाउँपालिकाको प्राविधिकले स्थलगत जाँच गर्नु पर्नेछ । स्थलगत जाँचमा गाउँपालिकाको भवन मापदण्ड र सुपरस्ट्रकचर निर्माण अनुमति अनुसार निर्माण कार्यको प्रमाणीकरण गर्नु पर्नेछ । स्थलगत निरीक्षणका क्रममा घरधनी र ठेकेदारको अनिवार्य उपस्थिति गराउनु पर्नेछ । उक्त निवेदन र स्थलगत जाँचको आधारमा सम्पन्न प्रमाण-पत्र दिनु पर्नेछ ।

सम्पन्न प्रमाण-पत्र

स्थलगत जाँचको प्रतिवेदन गाउँपालिकाको प्राविधिकबाट प्रमाणित भएपछि गाउँपालिकामा सम्पन्न प्रमाण पत्र दस्तुर तिराई प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको व्यक्ति ले निमार्ण सम्पन्न प्रमाण-पत्र स्वीकृत गरि जग्गाधनीलाई प्रधान गर्नुपर्नेछ ।

५. नक्सापास प्रक्रियाका विविध नियम विनियमहरु

५.१ भवन निर्माण अवधि थप सम्बन्धी

भवन निर्माण अनुमति पाएको व्यक्ति वा संस्थाले अनुमति पाएको मितिले दुई वर्षभित्र भवन निर्माण गर्नु पर्नेछ। म्यादभित्र भवन निर्माण गर्न नसकिने भएमा सो को कारण खुलाई उक्त म्याद सकिनु अगावै म्याद थपको लागि प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको व्यक्ति समक्ष दरखास्त दिनु पर्नेछ । स्थानीय सरकार संचालन ऐन् दफा ३८ बमोजिम म्याद थप गर्दा पहिले लागेको नक्सापास दस्तुरको "पाँच" प्रतिशत लिई दुइ वर्षका लागि भवन निर्माण गर्ने म्याद थप गरिनेछ । म्यादभित्र भवन निर्माण गर्न नसकिने भएमा उक्त म्याद सकिएपछि म्याद थपको लागि प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको व्यक्ति समक्ष दरखास्त दिंदा पहिले लागेको नक्सापास दस्तुरको "दश" प्रतिशत लिई म्याद सकेको समय अवधि देखि पुनः दुइ वर्षका लागि भवन निर्माण गर्ने म्याद थप गरिनेछ । यदि थप गरेको अवधि भित्र पनि निर्माण सम्पन्न प्रमाण पत्र नलिएमा निर्माण अनुमति प्रमाण–पत्रहरू स्वत्त रद्द हुनेछ र पुनः अनुमति प्रक्रियामा जानु पर्नेछ ।

५.२ भवन निर्माण अनुमति लिंदा संधियार तर्फबाट उजुरी परेमा

भवन निर्माणको दरखास्त दिएपछि सुनछहरी गाउँपालिकाको भवन तथा बस्ती विकाश शाखाबाट सँधियारको नाममा १५ दिने सूचना जारी गर्नु पर्नेछ ।

क. यो ७ दिने सूचनाको अवधि भित्र त्यस्तो भवनको निर्माणबाट सँधियार कसैलाई मर्का पर्ने भए आफूलाई मर्का परेको विवरण खुलाई पन्ध्र दिनभित्र उजुर गर्न सुनछहरी गाउँपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको व्यक्ति समक्ष निबेदन पेश गर्न पाउनेछ ।

ख. उक्त उजुरीको निबेदन बमोजिमको सूचनामा उल्लेखित म्याद नाघेको तीन दिनभित्र इञ्जिनियर वा सवइञ्जिनियर र अमिन/सर्भेक्षक समेत संयुक्त रूपमा खटाई दरखास्तमा उल्लेख भए बमोजिम भवन निर्माण गर्न मिल्ने नमिल्ने कुराको जाँच गर्नु पर्नेछ।

ग. प्रतिवेदन पेश गर्ने : बमोजिम खटिएका कर्मचारीहरूले नेपाल सरकारबाट तोकेको वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड बमोजिम भवन निर्माण गर्न मिल्ने नमिल्ने कुराको जाँचबुझ गर्नको लागि सर्जमिन गरी सर्जमिनमा उपस्थित भएका व्यक्ति भनेका कुराहरू समेत खुलाई सर्जमिन मुचुल्का तयार गरी दरखास्तमा उल्लेख भए बमोजिम भवन निर्माण गर्न मिल्ने नमिल्ने व्यहोरा खुलाई त्यसरी जाँचबुझ गर्न खटिएको मितिले पन्ध्र दिनभित्र गाँउपालिकामा प्रतिवेदन पेश गर्नु पर्नेछ।

घ. माथि उल्लेखित बुंदा (क) बमोजिम कसैको उजुर परी हक बेहकमा निर्णय दिनु पर्ने अवस्थामा बाहेक (ग) प्रतिवेदन अनुसार मिल्ने भए प्रतिबेदन प्राप्त भएको मितिले तीस दिनभित्र प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको व्यक्ति ले भवन निर्माणको अनुमति दिनु पर्नेछ।

ङ. प्राप्त प्रतिवेदन अनुसार वा अन्य कुनै कारणले भवन निर्माण गर्न अनुमति दिन नमिल्ने भएमा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको व्यक्ति ले त्यसको कारण खुलाई त्यस्तो प्रतिवेदन प्राप्त भएको मितिले सात दिनभित्र भवन निर्माण गर्न अनुमतिको लागि दरखास्त दिने व्यक्ति वा सरकारी निकायलाई सूचना दिनु पर्नेछ।

च. बुंदा (घ) बमोजिमको म्यादभित्र अनुमति नपाएमा त्यस्तो म्याद नाघेको मितिले र बुंदा (ङ) बमोजिम दिएको सूचनामा चित्त नबुझेमा त्यस्तो सूचना पाएको मितिले पैंतीस दिनभित्र भवन निर्माण गर्न अनुमतिको लागि दरखास्त दिने व्यक्ति वा निकायले अध्यक्ष वा प्रमुख समक्ष उजुर दिन सक्नेछ।

छ. बुंदा (च) बमोजिम कुनै उजुरी परेमा अध्यक्ष वा प्रमुखले सो सम्बन्धमा जाँचबुझ गरी भवन निर्माणको अनुमति दिनु पर्ने देखिएमा यथाशीघ्र अनुमति दिनको लागि प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको व्यक्ति लाई निर्देशन दिनु पर्नेछ।

ज. बुंदा (क) बमोजिम परेको उजुरीबाट भवन निर्माण गर्ने जग्गामा तेरो मेरो परी हक बेहक छुट्याउनु पर्ने देखिन आएमा त्यस्तो उजुरी परेको मितिले पैंतीस दिनभित्र सम्बन्धीत जिल्ला अदालत समक्ष उजुर गर्न जानु भनी पर्चा थहा गरी सम्बन्धीत पक्षहरूलाई सुनाउनु पर्नेछ।

तर त्यस्तो उजुरी परेको जग्गामध्ये केही भागमा मात्र विवाद परेको र त्यस्तो विवाद परेजतिको जग्गामा अदालतबाट ठहरे बमोजिम हुने गरी बाँकी जग्गामा भवन निर्माण गर्न मन्जुर गरी अर्को नक्सा सहित दरखास्त दिएमा त्यस्तो दरखास्त प्राप्त भएको मितिले पन्ध्र दिनभित्र प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको व्यक्ति ले अनुमति दिन सक्नेछ।

५.३ नक्सा संशोधन सम्बन्धी

भवन निर्माण अनुमतिको क्रममा पेश भएको नक्सा भवन मापदण्ड र भवन संहिता अनुकूल नभएमा आवश्यक संशोधन गर्न लगाइनेछ। स्वीकृति भवन निर्माणको नक्सामा कुनै परिवर्तन गर्नु परेमा भवन मापदण्ड तथा भवन संहिता अनुकूल हुने गरी संशोधित नक्सा स्वीकृतिको लागि पुनः आवस्यक कागजात, संशोधित नक्सा र सुपरिवेक्षकको प्रतिवेदन सहित पेश गर्नु पर्नेछ। स्वीकृतिको लागि पुनः पेश गरिएको संशोधित नक्साको साथमा नक्सा संशोधन गर्नुपर्ने कारण सहितको निवेदन पेश गर्नु पर्नेछ। संशोधित नक्साको प्लिन्थको क्षेत्रफल स्वीकृत नक्सा भन्दा फरक परेमा पुनः अमिन/सर्वेक्षकबाट फिल्ड निरीक्षण गरि प्रतिवेदनका आधारमा संशोधन गर्नु पर्नेछ। गाउँपालिकाको प्राविधिकबाट जाँच गरी र थप दस्तुर लाग्ने भए गाउँपालिकाले तोकेको दस्तुर लिई नक्सामा संशोधन गर्नु पर्नेछ। संशोधित नक्सा स्वीकृति भइसकेपछि मात्र निर्माण कार्य गर्नु पर्नेछ।

५.४ भवनको उचाई र संधियार तर्फको सेटब्याकको अनुपात

- १० मीटर सम्म अग्ला भवनहरुको सँधियार तर्फको न्यूनतम सेटब्याक १ मीटर हुनु पर्नेछ; झ्याल ढोका तथा भेन्टिलेटर नराख्ने भए सँधियार तर्फ तथा एउटै कित्ताको जग्गामा स्वीकृति प्राप्त गरी बनिसकेको घर भए सो तर्फ भवन संहिता २०६० को प्रतिकूल नहुने गरी टाँसिएको भवन बनाउन दिइनेछ ।
- १० मिटर भन्दा बढी तर १७ मिटर सम्म अग्ला भवनहरुको हकमा सार्वजनिक भवनहरुको सँधियार तर्फको सेटब्याक न्यूनतम ३ मीटर र अन्य भवनहरुको सँधियार तर्फको सेटव्याक न्यूनतम २ मिटर हुने गरी स्वीकृति दिइनेछ ।

  तर ब्यापारिक क्षेत्रमा बन्ने व्यापारिक भवनको हकमा सडकसंग लम्व भएर रहेको साँध तर्फ भवन संहिता २०६० को प्रतिकूल नहुने गरी टाँसेर वा एउटै कित्ताको जग्गामा स्वीकृति प्राप्त गरी बनिसकेको घर भए सोलाई आवश्यक पर्ने सेटव्याक छाडी नयाँ भवनमा भ्याल ढोका नराख्ने भएमा जग्गा नछोडी १७ मिटर सम्म अग्लो भवन निर्माण गर्न स्वीकृति दिइनेछ । नयाँ भवनमा भ्याल-ढोका राख्ने भएमा माथी बूँदा अनुसार जग्गा छाड्ने गरी मात्र भवन निर्माण स्वीकृति दिइनेछ ।

- मूल सडक किनारमा भवन निर्माण गर्न स्वीकृति दिंदा बाटोको चौडाईमा सडकको दुबै तर्फको सेटव्याक जोड्दा जति योगफल हुन्छ, सोको २ गुणा भन्दा अग्लो हुने गरी (लाइट प्लेनलाई छेक्ने गरी) स्वीकृति दिइनेछैन ।

❖ १७ मिटर भन्दा अग्ला भवनहरुको हकमा बस्ती विकास तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण (दोस्रो संशोधन) मापदण्ड-२०७८ उपबुंदा १३.६ बमोजिम हुने गरि भवन निर्माण स्वीकृत दिइनेछ ।

५.५ तल्ला थप सम्बन्धी

तल्ला थपको अनुमतिका लागि भवनको संरचनात्मक क्षमता लेखाजोखा, भवन मापदण्ड पालना र तल्ला थपको डिजाईन गरेको इन्जिनियरको प्रतिवेदन तथा अनुसूची ४.३ मा उल्लेख भएका कागजात सहितको दरखास्त पेश गर्नु पर्नेछ। गाउँपालिकाको प्राविधिकबाट उक्त प्रतिवेदन र स्थलगत नापजाँच, र दस्तुर लिई भवनको तल्ला थप इजाजत दिन सकिनेछ । स्वीकृत तल्ला भन्दा माथि सिडी छोप्ने पेन्टहाउस् र प्लिन्थ ऐरियाको जम्मा २५% सम्म स्लाब ऐरिया निर्माण गर्न तल्ला थप नगर्नु पर्ने ।

५.६ अनुमति अनुसार निर्माण नभएमा

भवन निर्माणको विभिन्न चरणमा गाउँपालिकाको प्राविधिकले स्थलगत निरीक्षण गर्नेछ। निरीक्षणको दौरान अनुमति अनुसार निर्माण नभएको पाइएमा तत्काल निर्माण कार्य र अन्य सबै प्रक्रियाहरु रोकिनेछ। स्थानीय सरकार सञ्चालन ऐन् २०७४ को दफा ३९ र ४१ बमोजिम अध्यक्ष वा प्रमुखले सो भवन वा त्यसको कुनै पनि भाग भत्काउने आदेश दिन सक्नेछन्। यसरी भवन भत्काउन पर्दा घरधनी स्वयमले ३५ दिन भित्र नभत्काए गाउँपालिकाले त्यो भवन वा कुनै भाग भत्काउने छ र त्यसरी भत्काउँदा लागेको खर्च घरधनीबाट असुल उपर गरिनेछ। अध्यक्ष वा प्रमुखले दिएको आदेश चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेशको सूचना पाएको मितिले ३५ दिनभित्र जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछन् र त्यस्तो पुनरावेदनको सम्बन्धमा जिल्ला अदालतबाट भएको निर्णय अन्तिम हुनेछ।

स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ३९ मा उल्लेखित देहाय बमोजिम जाँचबुझ र कार्वाही हुनेछ।

५.७ आंशिक सम्पन्न प्रमाण-पत्र सम्बन्धी

भवन निर्माण अनुमति अनुसार कार्य पूर्ण रुपमा सम्पन्न नभएता पनि केही भाग सम्पन्न भई बस्न योग्य भएमा घरधनीले आंशिक सम्पन्न प्रमाण-पत्रको निवेदन दिन सक्नेछ। सुपरस्ट्रकचर निर्माण गरिरहँदा अनुमति अनुसार सबै तल्लाहरु निर्माण गर्न असमर्थ भएमा र आर्थिक कारोबार गर्नका लागि पनि आंशिक निर्माण सम्पन्न प्रमाण-पत्र दिन सकिनेछ।

५.८ भवनको प्रयोजन परिवर्तन सम्बन्धी

भवनको प्रयोजन परिवर्तन गर्न चाहेको खण्डमा प्रस्तावित प्रयोजनमा भवनको संरचनात्मक क्षमता लेखाजोखा र भवन मापदण्ड अनुसार पालन गरेको इन्जिनियरको प्रतिवेदन पेश गर्नुपर्नेछ। गाउँपालिकाको प्राविधिकबाट उक्त प्रतिवेदन जाँच गरी र दस्तुर लिई भवनको प्रयोजन परिवर्तन गर्न सकिनेछ।

५.९ नामसारी सम्बन्धी

भवन निर्माण अनुमति गर्दा एकको हक भोगमा रहेको जग्गामा बनेको भवन सहितको हक हस्तान्तरण भई अन्य व्यक्तिको नाममा स्वामित्व कायम भएको देखिए आवश्यक प्रमाण कागजको आधारमा साविकको भवन निर्माण वालाको नाम परिवर्तन गरी हालको घर जग्गाधनीको नाममा नक्सा नामसारी गरिदिनु पर्नेछ। नामसारी गर्दा जग्गा कित्ताकाट भएर कित्ता परिवर्तन भएमा पुनः अमिन/सर्वेक्षक बाट फिल्ड निरीक्षण गरि प्रतिवेदनका आधारमा नामसारी गर्न सकिनेछ। नामसारी गर्दा अनुसूचि ४.६ अनुरुप कागजातहरु पेश गर्नु पर्नेछ।

५.१० हक भोगेको निस्सा वा मंजुरिको लिखत पेश गर्नु पर्ने :

भवन निर्माण गर्न अनुमतिको लागि दरखास्त दिंदा आफ्नो हक भोगेको जग्गामा भवन निर्माण गर्ने भए हक भोगेको निस्सा र अरुको हक भोगेको जग्गामा भवन निर्माण गर्ने भए निजको हक भोगेको निस्सा सहित मंजुरीको लिखत समेत पेश गर्नु पर्नेछ।

तर नक्सापास प्रयोजनको निमित्त आवश्यक मापदण्ड पूरा गर्न अरु कसैको जग्गा लिज वा भाडामा लिन पाइने छैन।

५.११ कि.नं. र क्षेत्रफल संशोधन भएमा

भवन निर्माण अनुमति लिएपछि निर्माणधीन घरको जग्गाको कि.न. संशोधन वा जग्गा कित्ताकाट भएर कि.नं. र क्षेत्रफल संशोधन भएमा सम्बन्धीत मालपोत तथा नापी कार्यालय बाट संशोधन सम्बन्धी सम्पूर्ण कागजातका साथ जग्गाधनीले निबेदन दिनु पर्नेछ । जग्गाको क्षेत्रफल साविक भन्दा फरक परेमा गाउँपालिकाको अमिन/सर्भेक्षक बाट फिल्ड को स्थलगत नापजाँच गरि प्रतिबेदनका आधारमा प्रमुख प्रशासकिय अधिकृत बाट निर्णय गराई कि.नं. र क्षेत्रफल संशोधन गरि प्रमाण पत्र जारी गर्न सकिनेछ।

६. भवन तथा बस्ती विकास शाखाको संरचना र जिम्मेवार

६.१ जिम्मेवारी

भवन तथा बस्ती विकास शाखा नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गाउँपालिकाको लागि कार्य विभाजनको नियमावली २०७४ अनुसार हुनेछ।यस शाखा अन्तर्गत निम्न कार्य हुनेछ।

- भवन सम्बन्धी नीति, कानुन, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन।
- राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति र नियमन।
- भवन निर्माणको नक्सा स्वीकृति, संशोधन, नियमन।
- पुरातत्व, प्राचीन स्मारक र संग्रहालय संरक्षण, सम्बद्र्धन र पुनर्निर्माण।
- बस्ती विकाशका नीति, नियम, मापदण्ड, अध्ययन, कार्यान्वयन र नियमन।

६.२ संरचना

सुनछहरी गाउँपालिकामा बन्ने भवनको संङख्या र निर्माण हुने भवनको किसिमले आवश्यक जनशक्ति निर्धारण गर्छ । नक्सापास अनुमति प्रकृियामा पाएको अनुभवको आधारमा गाउँपालिका अनुसार बन्ने भवन, जनशक्तिको कार्यभार व्यवस्थापन र आवश्यक शैक्षिक योग्यता र अनुभवको आधार संरचनाको निर्धारण गरिएको छ ।

६.३ कर्मचारीको न्यूनतम योग्यता

नक्सापास अनुमति प्रकृियामा संलग्न कर्मचारीहरुको लागि संलग्न हुनुपर्ने कार्यहरु प्रभावकारी ढंगले सम्पन्न गर्नुपर्ने सुनिश्चितता गर्न मापदण्ड अनुसार न्युनतम योग्यता तोकिएको छ ।

७. अभिलेख व्यवस्थापन

भवन निर्माण अनुमति प्रक्रिया अन्तरगत पेश भई, जाँच, निरीक्षण, अनुमतिमा प्रयोग भएको निवेदन, कागजात, नक्सा, प्रमाण-पत्र तथा निर्णयहरु व्यवस्थित, सुरक्षित र भविष्यमा चाहिएको बखत सजिलै भेट्न सकिने गरी राख्नु पर्नेछ। त्यस्ता अभिलेख तथा दस्तावेज अति महत्वपूर्ण दस्तावेज अन्तगत पर्ने भएकोले कहिल्यै पनि नष्ट नहुने गरी व्यवस्थापन हुन आवश्यक छ। यस भवन निर्माण अनुमति प्रक्रियामा निम्न तरिका वा विधिले दस्तावेज तथा कागजातहरु व्यवस्थापन गर्नुपर्नेछ। यो कार्य भवन तथा बस्ती विकास शाखा प्रशासकीय कर्मचारीको जिम्मामा हुनेछ।

७.१ अभिलेख व्यवस्थापन विधि

७.१.१ रजिस्टर तथा प्रतिवेदन

रजिस्टरमा अनुमति नम्बर, मिति, धरधनीको नाम, जग्गाको किता नं., भवनको प्रकार, घरधनीको ठेगाना, सम्पक नम्बर, फाइल राख्ने र्याक नम्बर र प्रक्रियाको चरणको विवरण लगायतका जानकारीहरु समावेश गरी तयार गर्नुपर्नेछ (जस्तै फाइल नंः- ४१२/१) दिइएको फाइल नम्बरमा १ भनेको वडा नम्बर, ४१२ भनेको अहिलेसम्म भवन निर्माण अनुमतिको लागि दर्ता भएका भवन संख्या हो। हरेक आर्थिक वर्षको अन्तिममा रजिस्टरमा भएको तथ्याङक अनुसार प्रतिवेदन तयार गर्नुपर्नेछ। यो रजिस्टर तथा प्रतिवेदनको नमूना भएको Excel files को ढाँचा dudbc.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

७.१.२ फाइलिङ

भवन अनुमति प्रक्रियामा पेश भएर प्रमाणित भएका प्रतिवेदनहरु जस्तैः निवेदन, कागजात, नक्सा, प्रमाण-पत्रहरु फाइलिङ गर्नुपर्ने हुन्छ। फाइल नम्बर रजिस्टरमा दिएको अनुमति नम्बर नै हुनेछ। निर्माण सम्पन्न नभएसम्म फाइल भवन तथा बस्ती विकास

शाखा कार्यलयमा राख्नु पर्नेछ। भवन निर्माण सम्पन्नपछि फाइल मिसिलमा फाइलिङ गर्नु पर्नेछ। फाइलिङ वडा नम्बर र आर्थिक वर्ष अनुसार राख्नु पर्नेछ।

७.१.३ कम्प्युटर

फाइल मिसिलमा राख्नु अघि अति महत्वपूर्ण कागजातहरु स्क्यान गरेर कम्प्युटरङमा सुरक्षित गरेर राख्नु पर्नेछ । जस्तै निवेदन, नक्सा, सर्जमिन कागजात, अनुमति-पत्र, स्थलगत निरीक्षण प्रतिवेदन, सम्पन्न पत्रहरु आदि । कम्प्युटरमा फाइल नम्बर रजिस्टरमा दिएको अनुमति नम्बर हुने गरी राख्नु पर्नेछ ।

७.२ अभिलेखका प्रकार

७.२.१ अति महत्वपूर्ण कागजातहरु

निम्न कागजातहरु अति महत्वपूर्ण कागजातहरु अन्तर्गत पर्दछन् । यी कागजातहरु नष्ट नगरीकन राख्नु पर्नेछ ।

- नक्सापासको निवेदन
- निर्माण गरिने भवनको वास्तुकला र संरचनात्मक नक्सा
- स्ट्रक्चर डिजाईन रिपोर्ट
- निर्माण गरिने भवनको स्यानिटरी र इलेकट्रिकल नक्सा
- जियो टेक्निकल रिपोर्ट
- सूचना टाँस मुचुल्का
- सर्जमिन मुचुल्का
- नक्सापास प्रमाण-पत्र
- डिपीसी प्रमाण-पत्र
- उजुरी (भएमा) उजुरीपत्र, मिलापत्र
- विभिन्न चरणका टिप्पणीहरु
- प्लिन्थ सम्मको निर्माणको अनुमति
- सुपरस्ट्रकचर निर्माण अनुमति
- निर्माण सम्पन्न प्रमाण-पत्र
- प्राविधिकको फिल्ड रिपोर्ट
- पत्रपत्रिकामा प्रकाशित हकदावी सुचनाह

७.२.१ महत्वपूर्ण कागजातहरु

निम्न कागजातहरु महत्वपूर्ण कागजातहरु अन्तर्गत पर्दछ । यी कागजातहरु १० देखि २० वर्षसम्म सुरक्षित राख्नु पर्नेछ ।

- लालपुर्जाको प्रतिलिपि
- नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि
- प्लिन्थसम्मको निर्माण अनुमतिको लागि निवेदन
- सुपरस्ट्रकचर सम्म निर्माणको लागि निवेदन
- निर्माण सम्पन्न प्रमाण-पत्रको लागि निवेदन
- जग्गाधनी प्रमाण पुर्जाका प्रमाणित प्रतिलिपि
- चालु आर्थिक वर्षको एकीकृत सम्पति कर/घरजग्गा कर वा मालपोत तिरेको रसिदको प्रतिलिपि
- कित्ता नं. स्पष्ट भएको प्रमाणित नापी नक्सा

- जग्गा रजिष्ट्रेशन र तमसुकको प्रतिलिपि
- नक्सा बनाउने इन्जिनियर अथवा आर्किटेक्टको नेपाल इन्जिनियरिङ परिषद्को लाइसेन्सको प्रतिलिपि
- घर डिजाईन गर्ने स्ट्रकचरल इन्जिनियरको नेपाल इन्जिनियरिङ परिषद्बाट दिइएको लाइसेन्सको प्रतिलिपि
- निर्माण व्यवसायी (ठेकेदारको लाईसेन्सको प्रतिलिपी
- नक्सापास तथा निर्माण इजाजतको लागि मन्जुरीनामाको हकमा वडा अध्यक्ष वा सम्बन्धीत टोलका न्यूनतम तीन जना भद्र भलाद्यमीको रोहवरमा मन्जुरिनामा गरेको पत्र र मन्जुरिनामा दिने लिने दुवैको नेपाली नागरिकताको प्रमाण-पत्रको एकएक प्रति प्रतिलिपि
- वारेश राखी नक्सापास गर्ने भएमा वारेशनामाको साथमा वारेशको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि

८. जिम्मेवारी तथा उत्तरदायित्व

८.१ परामर्शदाता वा स्वतन्त्र प्राविधिक

८.१.१ दर्ता सम्बन्धी

गाउँपालिका भित्रका बन्ने भवनहरुको भवन निर्माण तथा नक्सा सम्बन्धी सम्पूर्ण काम गर्ने परामर्शदाता फर्महरु गाउँपालिकामा दर्ता भएको हुनु पर्नेछ । भवन निर्माण तथा नक्सा सम्बन्धी कार्य गरेको कर गाउँपालिकालाई तिर्नु पर्नेछ र प्रत्येक आर्थिक वर्षमा आफ्नो दर्ताको नवीकरण अनिवार्य गराउनु पर्नेछ । भवन डिजाईन र सुपरिवेक्षण गर्न परामर्शदातामा कार्यरत प्राविधिक वा स्वतन्त्र प्राविधिकको न्यूनतम योग्यताको प्रतिलिपि गा.पा. को भवन तथा बस्ती विकास शाखामा बुझाउनु पर्नेछ ।

८.१.२ न्यूनतम योग्यता

भवन डिजाईन र सुपरिवेक्षण गर्न परामर्शदातामा कार्यरत प्राविधिक वा स्वतन्त्र प्राविधिकको न्यूनतम योग्यता निम्न अनुसार हुनु पर्नेछ । सो भन्दा बढी योग्यता भएकाहरुले समेत सम्बन्धीत वर्गका भवनहरुको डिजाईन गर्न सक्नेछन् ।

"क" वर्गका भवनमा

"क" वर्गका भवनहरु डिजाईन गर्ने नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्था वा विश्व विद्यालयबाट स्ट्रक्चरल वा भूकम्प इन्जिनियरिङ्गमा स्नातकोत्तर तह (M.Sc वा M.E.) पुरा गरेको स्ट्रक्चरल वा भूकम्प इन्जिनियर (Structural /Earthquake Engineer) हुनु पर्नेछ ।

"क" वर्गका भवनहरु सुपरिवेक्षण गर्ने नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल इन्जिनियरिङ्गमा स्नातक पुरा गरेको सिभिल इन्जिनियर (Civil Engineer) हुनु पर्नेछ ।

"ख" वर्गका भवनमा

"ख" वर्गका भवनहरु डिजाईन गर्ने नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट ऐच्छिकको रुपमा स्ट्रक्चरसँग सम्बन्धीत विषयहरु तथा स्ट्रक्चरसँग सम्बन्धीत प्रोजेक्ट गरी सिभिल इन्जिनियरिङ्गमा स्नातक तह पुरा गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिल बाट इन्जिनियरको LICENSE प्राप्त कम्तीमा ५ वर्ष भवनहरुको स्ट्रक्चरल डिजाईनमा अनुभव भएको सिभिल इन्जिनियर हुनु पर्नेछ ।

"ख" वर्गका भवनहरु सुपरिवेक्षण गर्न नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल इन्जिनियरिङ्ग वा आर्किटेक्चरमा स्नातक तहसम्मको अध्ययन पुरा गरेको सिभिल इन्जिनियर हुनु पर्नेछ ।

"ग" वर्गका भवनमा

"ग" वर्गका भवनहरु डिजाईन गर्ने नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल वा आर्किटेक्चरल इन्जिनियरिङ्गमा डिप्लोमा सम्मको अध्ययन पुरा गरेको हुनु पर्नेछ ।

"घ" वर्गका भवनमा

"घ" वर्गका भवनहरु डिजाईन वा सुपरिवेक्षण गर्ने नेपाल सरकारबाट मान्यता प्राप्त सि.टी.इ.भि.टी. (CTEVT) बाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल वा आर्किटेक्चर विषयमा सब ओभरसियरको अध्ययन पुरा गरेको हुनु पर्नेछ ।

८.१.३ जिम्मेवारी

- गाउँपालिकाको भवन मापदण्ड र भवन संहिता अनुसार भवनहरु डिजाईन गर्ने।
- गाउँपालिकाको भवन निर्माण अनुमति प्रक्रियाको ढाँचा अनुसार नक्साहरु, प्रतिवेदनहरु र फारमहरु तयार गरी पेश गर्ने।
- स्वीकृत नक्सा बमोजिम गुणस्तरयुक्त निर्माण कार्यमा घरधनी तथा ठेकेदार र डकर्मीलाई उचित निर्देशन र सरसल्लाह दिने।
- स्वीकृत नक्सा बमोजिम निर्माण कार्य नभएमा गाउँपालिकालाई लिखित जानकारी दिने।
- गाउँपालिकाको भवन तथा बस्ती विकास शाखालाई १. ठेकदार द्वारा जग,पिलरको डण्डी बुनेर भवनको ले-आउट गरेपछी/ २. प्लिन्थ बिम सम्म निर्माण सकेपछि / ३. प्रत्येक तल्लाको ढलानको लागि स्लाब्मा डन्डी बुनेपछि र ४. भवन निर्माण सम्पन्न चरणहरुमा निरीक्षण गरिदिन हुन जानकारी गराउने। समयमा गाउँपालिकामा जानकारी नगराए स्वयम् परामर्शदाता नै जिम्मेबार हुनेछ।
- गाउँपालिकामा दर्ता भएका फाइलहरु राख्न पाइने छैन। कुनै कारणले फाइल लानु पर्ने भएमा भवन तथा बस्ती विकास शाखाको प्राविधिक कर्मचारीबाट अनुमति लिएर मात्र पाइने।
- प्रत्येक नयाँ आर्थिक वर्षमा परामर्शदाताले आफ्नो CONSULTING FIRM को दर्ता सम्बन्धीत वडामा नवीकरण गर्नु पर्दछ। नविकरण गरेपछि मात्र उक्त फिर्मले आफ्नो FIRM बाट नक्शा दर्ता गर्न पाउनेछ।
- स्वीकृत नक्सा कार्यान्वयनका क्रममा निर्माणकार्यको सुपरिवेक्षण गर्ने र प्रतिवेदनहरु बनाउने। निर्माण कार्यहरुको फोटो सहितका प्रगति प्रतिवेदनहरु निम्न चरणमा हुनु पर्नेछ। यस प्रतिवेदनहरुको ढाँचा भवन निर्माण अनुमति फाराम मा उल्लेख अनुसार हुनु पर्नेछ।
- परामर्शदाता वा स्वतन्त्र प्राविधिकले बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२; बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण (दोस्रो संशोधन) मापदण्ड २०७८; नेपालको National Building Codes (सबै); स्थानीय सरकार संचालन ऐन २०७४-परिच्छेद ७; सुनछहरी गाउँपालिकाको **RURAL MUNICIPALITY TRANSPORT MASTER PLAN (MTMP)** इत्यादी भवन निर्माण/संहिता सम्बन्धी मापदण्ड र यस किताबको राम्रो अध्ययन गर्नु पर्दछ।

पिलरवाला भवनमा सुपरिवेक्षणका चरणहरु

१. भवनको ले-आउटमा
२. जगका लागि खन्दा
३. जग र पिलरको डण्डी काटदा, बाँध्दा
४. जग ढलान गर्दा
५. टाइबीमको निर्माण गर्दा
६. गारो, झ्याल, ढोकाको ले-आउट गर्दा
७. ढल निकास र पानी आपूर्ति ट्याकी र पाइप राख्दा
८. पिलर खडा र ढलान गर्दा
९. स्ल्याब तथा बीमको फर्मा र डण्डी बाँध्दा
१०. स्ल्याब तथा बीमको ढलान गर्दा
११. निर्माण सामग्रीको गुणस्तर जाँचमा

गारोवाला भवनमा सुपरिवेक्षणका चरणहरु

१. भवनको ले-आउटमा

२. जगका लागि खन्दा

३. जगको डण्डी र ठाडो डण्डी काटदा, बाँध्दा र खन्दा

४. जग ढलान गर्दा

५. टाइबीमको निर्माण गर्दा

६. गारो, झ्याल, ढोकाको ले-आउट गर्दा

७. ढल निकास र पानी आपूर्ति ट्याकी र पाइप राख्दा

८. गारोको सिल र लिन्टेल बन्धन राख्दा

९. स्ल्याब तथा बीमको फर्मा र डण्डी बाँध्दा

१०. स्ल्याब तथा बीमको ढलान गर्दा

११. निर्माण सामग्रीको गुणस्तर जाँचमा

८.१.४ उत्तरदायित्व र कारबाही

परामर्शदाता वा स्वतन्त्र प्राविधिकले भवन डिजाईन वा सुपरिवेक्षण प्रतिवेदनमा गलत जानकारी, सुपरिवेक्षणमा लापरर्वाही गरेको वा आफ्नो जिम्मेबारी अनुसार काम नगरेको खण्डमा निम्नअनुसार कारबाही हुनेछ ।

- पहिलो पटक त्यस्तो गल्ती गरेमा जानकारी गराइनेछ र मिल्ने भए सुधार्ने मौका दिईन्छ ।
- दोस्रा पटक त्यस्तो गल्ती गरेको खण्डमा १ वर्षसम्म यस गाउँपालिकामा भवन नक्सा लगायत अन्य सम्पूर्ण कामकाजमा बन्देज लगाइनेछ र निर्मंधीन भवन पनि रोक्का लगाइनेछ।
- तेस्रो पटक त्यस्तो गल्ती गरेको खण्डमा यस गाउँपालिकाको भवन नक्सा लगायत अन्य सम्पूर्ण कामकाज सधैका लागि बन्देज (Black List) लगाइनेछ ।

८.२ निर्माण व्यबसायिक

८.२.१ दर्ता सम्बन्धी

गाउँपालिका भित्रका बन्ने भवनहरुको भवन निर्माण सम्बन्धी सम्पूर्ण काम गर्ने निर्माण व्यबसायिकहरु आन्तरिक राजश्व विभागमा दर्ता भएको हुनु पर्छ ।

८.२.२ न्यूनतम योग्यता

निर्माण व्यबसायिक वा भवन निर्माण सम्बन्धी तालिम शहरी विकास तथा भवन निर्माण विभाग वा प्राविधिक शिक्षा तथा व्यावसायिक परिषद्बाट मान्यता प्राप्त संस्थाबाट लिएको हुनु पर्छ ।

८.२.३ जिम्मेवारी

- स्वीकृत नक्सा बमोजिम निर्माण कार्य गर्ने, यदि नभएमा गाउँपालिकालाई जानकारी दिने ।
- स्वीकृत नक्सा बमोजिम निर्माण कार्यमा निर्माणकर्मीहरुलाई उचित निर्देशन दिने।
- भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिम लिएका निर्माणकर्मी कम्तीमा एकजना, हरेक भवन निर्माण साइटमा राख्ने ।
- गाउँपालिकाबाट सहि, चाप गरि प्रमाणित गरेको नक्सा बमोजिम मात्र काम गर्ने र स्वीकृत नक्सा नभएमा निर्माण कार्य नगर्ने ।
- निर्माणकार्यको दौरानमा हुने जाँच र सुपरिवेक्षणमा गाउँपालिकाबाट गर्न खटिएको प्राविधिकलाई स्वयम् उपस्थित भइ सहयोग गर्ने ।

८.२.३ उत्तरदायित्व र कारबाही

निर्माण व्यबसायिकले स्वीकृत नक्सा बमोजिम निर्माण कार्य नगरेको खण्डमा निम्न अनुसार कारबाही हुनेछ ।

- पहिलो पटक त्यस्तो गल्ती गरेमा जानकारी गराइनेछ र मिल्ने भए सुधार्ने मौका दिईन्छ ।
- दोस्रो पटक त्यस्तो गल्ती गरेको खण्डमा ६ महिना सम्म यस गाउँपालिकामा भवन निर्माण कार्यका सम्पूर्ण कामकाजमा बन्देज लगाइनेछ ।
- तेस्रो पटक त्यस्तो गल्ती गरेको खण्डमा यस गाउँपालिकाको भवन निर्माण कार्यका सम्पूर्ण कामकाज सधैंका लागि बन्देज (Black List) लगाइनेछ ।

८.३ निर्माणकर्मी

८.३.१ दर्ता सम्बन्धी

गाउँपालिका क्षेत्र भित्र बन्ने भवनहरुको भवन निर्माण सम्बन्धी काम गर्ने निर्माणकर्मीहरु भवन तथा बस्ती विकास शाखामा निःशुल्क दर्ता भएको हुनु पर्नेछ ।

८.३.२ न्यूनतम योग्यता

भवन निर्माण सम्बन्धी तालिम शहरी विकास तथा भवन निर्माण विभाग वा प्राविधिक शिक्षा तथा व्यावसायिक परिषद्बाट मान्यता प्राप्तसंस्थाबाट लिएको हुनु पर्नेछ ।

८.३.३ भूमिका र जिम्मेवारी

आफूले तालिममा सिकेको अनुसार काम गर्ने र घर भूकम्प प्रतिरोधी बनाउन आफ्ना सहकर्मीहरुलाई पनि सिकाउने ।

८.४ घरधनी

८.४.१ जिम्मेवारी

- ✓ भवन तथा कुनै संरचना निर्माणका लागि निबेदन पेश गर्दा सत्य-तथ्य विवरण मात्र भर्ने ।
- ✓ गाउँपालिकामा दर्ता भएको परामर्शदाता वा नेपाल इन्जिनियरिङ्ग परिषद्को लाइसेन्स प्राप्त प्राविधिकसँग भवन निर्माण डिजाईन तथा परामर्श लिने ।
- ✓ गाउँपालिकाबाट भवन निर्माणको अनुमति लिएपछि मात्र निर्माणको काम शुरु गर्ने ।
- ✓ संधियारको नाम, कित्ता नं. पत्ता लाउने र गाउँपालिकाबाट जारी भएको १५ दिने सूचना एक/एक प्रति स्वयम् आफैले सूचना जारी भएकै दिन आफ्नो संधियार र सम्बन्धीत वडामा दिनुपर्ने ।
- ✓ गाउँपालिकाबाट अमिन/सर्भेक्षक स्थलगत जग्गाको सर्जमिन गर्न खटीआउनु हुँदा आफु (जग्गाधनी) वा वारेश अनिवार्य उपस्थित हुनुपर्ने, साथै आफ्नो जग्गाको सिमानाले छुने साँध संधियार, सम्बन्धीत वडाका जनप्रतिनिधि र न्यूनतम ६ स्थानीय बासिन्दा लाई जानकारी गराई उपस्थित गराउने ।
- ✓ भवन निर्माण सुपरिवेक्षणको लागी परामर्शदाताको प्राविधिक वा स्वतन्त्र प्राविधिक राख्ने ।
- ✓ भवन निर्माण गर्न तालिम प्राप्त ठेकदार र निर्माणकर्मी मात्र प्रयोग गर्ने ।
- ✓ उपयुक्त निर्माण सामग्रीको व्यवस्था गर्ने ।
- ✓ भवन निर्माण गर्दा नगरपलिकाबाट स्वीकृत भएको नक्सा बमोजिम नै भवनको निर्माण गर्ने ।
- ✓ भवन निर्माण गर्ने क्रममा निर्माण सामग्री सार्वजनिक बाटो, जग्गा, नाला इत्यादी मिचिने गरि नराख्ने ।
- ✓ प्रत्येक चरणको अनुमति लिएर गा.पा. प्राविधिकबाट स्थलगत निरीक्षण भएपछि मात्र अगाडिको निर्माणको काम शुरु गर्ने।
- ✓ कुनै कारणवश नक्सा परिवर्तन गर्नुपर्ने भएमा गाउँपालिकामा अनुमति लिएपछि मात्र निर्माणको काम गर्ने ।
- ✓ कुनै कारणवश बिचमा निर्माणकर्मी, ठेकेदार वा सुपरिवेक्षक परिवर्तन गर्नुपर्ने भएमा गाउँपालिकालाई लिखित जानकारी सहित निबेदन दिई सुपरिवेक्षक परिवर्तन गर्न सकिनेछ ।
- ✓ कुनै गुनासो, सिकाय, सुझाव भएमा गाउँपालिकामा सम्पर्क राख्ने ।

✓

८.४.२ उत्तरदायित्व र कारबाही

- ✓ गाउँपालिकाबाट फिल्ड जाँच गर्दा उक्त भवन स्वीकृत नक्सा र डिजाईन अनुसार नभएको पाइएमा गाउँपालिका कार्यालयले निर्माण रोक्का गर्न सक्नेछ र बाकी प्रक्रियामा पनि रोक लगाइनेछ ।
- ✓ मापदण्ड पूरा नगरी बनाएको भवन गाउँपालिकाले कुनै पनि समय स्थानीय सरकार संचालन ऐन को ब्यवस्था अनुसार भत्काउने निर्देशन दिन सक्नेछ ।

९. भवन निर्माण सम्बन्धी थप मापदण्ड

९.१ Ground Coverage

- आवासीय भवनमा २५० वर्गमिटर सम्मको क्षेत्रफलमा ३० प्रतिशत र सो भन्दा बढिको क्षेत्रफलमा ४० प्रतिशत जमिन खाली राखी भवन निर्माण गरिनुपर्ने,। Max Ground Coverage - 70% (For land area upto 250 sq.m) & Max Ground Coverage - 60% (For land area of more than 250 sq.m)
- ब्यापारिक भवनको हकमा २० प्रतिशत जमिन खाली राखी भवन निर्माण गर्नुपर्ने छ । Max Ground Coverage – 80%
- सरकारी, अर्ध सरकारी र सार्वजनिक भवनमा ५० प्रतिशत जमिन खाली राखी भवन निर्माण गरिनुपर्ने ।

९.२ Floor Area Ratio (FAR)

ब्यापारिक तथा सभा सम्मेलन भवन	आवासीय भवन	मिश्रित आवासीय भवन	संस्थागत भवन
३.०	३.०	३.०	२.५

९.३ सुनछहरी गाउँपालिका बाटोको अधिकार क्षेत्र (Rights of Way) सडकको चौडाई र सेटव्याक

सडकको तह वा श्रेणी	अधिकारक्षेत्र (मिटर)	सेटव्याक	सडकको केन्द्रबाट भवन निमार्णका लागी छाड्नु पर्ने दुरी	सडक अधिकार क्षेत्र र सेटव्याकको कूल योग	जिम्मेवार संस्था
राजमार्ग	५० मिटर	६ मिटर	३१ मिटर	६२ मिटर	सडक विभाग
सहायक राजमार्ग /प्रदेश सडक (फिडर रोड)	३० मिटर	६ मिटर	२१ मिटर	४२ मिटर	प्रदेश सरकार
जिल्ला सडक	२० मिटर	६ मिटर	१६ मिटर	३२ मिटर	प्रदेश सरकार
Road Class 'A'	१२ मिटर	१.५ मिटर	७.५ मिटर	१५ मिटर	गाउँपालिका
Road Class 'B'	७ मिटर	१.५ मिटर	५ मिटर	१० मिटर	गाउँपालिका
Road Class 'C'	५ मिटर	१.५ मिटर	४ मिटर	८ मिटर	गाउँपालिका
Road Class 'D'	३ मिटर	१.५ मिटर	३ मिटर	६ मिटर	गाउँपालिका

- २०७२ चैत्र २६ गते देखि निर्माण भएका गाउँ/नगर स्तरीय सडकको क्षेत्राधिकार सडकको केन्द्र रेखाबाट न्यूनतम दायाँ ३ मिटर र बायाँ ३ मिटर गरी कम्तिमा ६ मिटर कायम गर्नु पर्दछ। जटिल भौगोलिक क्षेत्रमा स्थानीय तहले गठन गरेको प्राविधिक

समितिको सिफारिसमा गाउँ/नगर सभाको निर्णयबाट यस्ता सडकको क्षेत्राधिकार सडकको केन्द्र रेखाबाट न्यूनतम दायाँ २ मिटर र बायाँ २ मिटर गरी ४ मिटर कायम गर्न सकिनेछ ।

- गाउँपालिका/नगरपालिकाबाट स्वीकृति प्राप्त गरी २०७२ चैत्र २६ गते अघि भवन निर्माण भइसकेका ४ मिटर भन्दा कम चौडाइका गाउँ / नगरस्तरीय सार्वजनिक सडकको क्षेत्राधिकार सो सडकको केन्द्र रेखाबाट दाँया २ मिटर र बाँया २ मिटर गरी जम्मा ४ मिटर कायम गर्नु पर्दछ । यस्ता सडकको बाटोको चौडाइ भौतिक रूपमा विस्तार गर्दा निजी घर वा जमिन परेमा बाटोको चौडाइ बढाउन आवश्यक पर्ने भवन वा जग्गा प्राप्त गर्न स्थानीय तहले आफ्नो स्रोतबाट वा सो बाटो प्रयोग गर्ने उपभोक्ता समितिबाट भवन वा जग्गाधनीलाई क्षतिपूर्ति दिनु पर्दछ । तर घर वा जग्गा धनीको सहमतिमा बाटो विस्तार गर्न यस्तो क्षतिपूर्ति दिनुपर्ने छैन ।
- गाउँपालिका/नगरपालिका भित्र पर्ने जिल्ला स्तरीय सडकको क्षेत्राधिकार जिल्ला यातायात गुरु योजनाले तोकेअनुसार हुने गर्दछ । गाउँपालिका/नगरपालिका भित्रका District Road Core Network मा परेका सडकको अधिकार क्षेत्र ल्भउर्बा च्चाचर्बा च्यबम क्तबलमबचम, ल्भउर्बा ग्चदबल च्यबम क्तबलमबचम ले तोकेअनुसार हुने गर्दछ । हाललाई उक्त सडकको क्षेत्राधिकार सडकको केन्द्रबाट १० मिटर दाँया र १० मिटर बाँया गरी कूल २० मिटर रहेको छ ।
- सडक विभाग मातहतमा रहेका Strategic Road Network अन्तर्गतका सडकहरुको क्षेत्राधिकार सार्वजनिक सडक ऐन, २०३१ ले तोकेअनुसार हुने गर्दछ । नेपाल सरकारले नेपाल राजपत्रमा तोकी नघटाएको अवस्थामा यस्ता सडकको क्षेत्राधिकार सडकको केन्द्र रेखाबाट दाँया २५ मिटर र बाँया २५ मिटर गरी जम्मा ५० मिटर हुने गर्दछ । यस्ता सडकको क्षेत्राधिकार सम्बन्धमा सडक विभागको केन्द्रीय कार्यालयबाट थप जानकारी प्राप्त गर्न सकिनेछ । तर काठमाडौंको चक्रपथको केही खण्डमा सडकको क्षेत्राधिकार सडकको केन्द्र रेखाबाट दाँया ३१ मिटर र बाँया ३१ मिटर गरी जम्मा ६२ मिटर सम्म रहेको छ । काठमाडौं उपत्यकाको हकमा सडकको क्षेत्राधिकार सम्बन्धमा कुनै अस्पष्टता भएमा काठमाडौं उपत्यका प्राधिकरणमा समेत सम्पर्क गर्न सकिनेछ ।
- स्थानीय तहले गाउँ/नगरस्तरीय सडक र बाटोको घुम्ती वा मोडको न्यूनतम अर्धव्यास गाउँ/नगरसभाको निर्णयबाट कम्तिमा ३.५ मिटर कायम गर्नु पर्दछ ।
- घना सहरी क्षेत्रमा भवन एकीकृत (House Pooling) गरी पुनःनिर्माण गर्न स्वीकृति दिँदा प्रस्तावित बाटोको चौडाइ र कूल क्षेत्रफल साविक बाटोको चौडाइ र कूल क्षेत्रफल भन्दा कम नहुनेगरी दिनु पर्दछ ।
- भवन निर्माणको आधारभूत निर्माण मापदण्ड, २०७२ लागू हुनु अगावै कायम रहेका र स्वीकृति प्राप्त गरी भवनहरु निर्माण भइसकेका ५० मिटर भन्दा छोटा बाटो ९ऋगा(मभ(क्बअर म्भबम भ्लम० को क्षेत्राधिकार सो बाटो को केन्द्ररेखाबाट सेटव्याकसहित न्यूनतम दाँया १.५ मिटर र बाँया १.५ मिटर गरी जम्मा ३ मिटर कायम गर्नु पर्दछ । तर पहिले कायम भइसकेको बाटोको क्षेत्राधिकार घटाउन पाइने छैन । यो क्षेत्रभित्र भ्यालको छज्जा, क्यान्टिलिभर, आदि निर्माण गर्न पाईने छैन ।
- स्थानीय तहले नापी नक्सा तथा स्रेस्तामा बाटो कायम नभएको सार्वजनिक जग्गालाई बाटो देखाइ नक्सा पास गर्नु हुँदैन ।
- स्थानीय तहले साविकमा लागू भएका सडक मापदण्डलाई खुकुलो पार्नेगरी मापदण्ड परिवर्तन गर्नु हुँदैन ।
- सडकको क्षेत्राधिकारमा पर्ने टप, बार्दली लगायतका संरचनाहरु स्थानीय तहले भत्काउनु पर्दछ ।
- स्थानीय तहले गाउँ/नगर यातायात गुरु योजना निर्माण गर्दा नै बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड २०७२ का प्रावधानको प्रतिकूल नहुनेगरी आफ्नो क्षेत्र भित्रका हरेक स्थानीय सडकको दाँया बाँयाको अधिकार क्षेत्र निर्धारण गरी गाउँ/नगर सभाबाट निर्णय गरी कार्यान्वयन गर्नु पर्दछ । तर २०७२ चैत्र २६ गते अघिका गाउँ/नगर स्तरीय सार्वजनिक सडकलाई ४ मिटर भन्दा कम हुनेगरी सडकको अधिकार क्षेत्र कायम गर्न सकिने छैन । यसै गरी २०७२ चैत्र २६ गतेदेखि निर्माण भएका स्थानीय सडकको क्षेत्राधिकार ६ मिटर भन्दा कम हुने अधिकार क्षेत्र कायम गर्न सकिने छैन । पहाडी र हिमाली क्षेत्रमा भने प्राविधिक समितिको सिफारिसमा २०७२ चैत्र २६ देखि निर्माण हुनुपर्ने सडकको क्षेत्राधिकार ४ मिटर कायम गर्न सकिनेछ ।
- एक पटक कायम भइसकेको गाउँ/नगर स्तरीय सार्वजनिक सडकको क्षेत्राधिकार घटाउन सकिने छैन ।
- स्थानीय तहले राष्ट्रिय तथा प्रदेश स्तरीय सडकको दाँयाबाँया अधिकार क्षेत्रको मापदण्ड पालना गर्नु, गराउनु पर्दछ ।
- स्थानीय तहले राष्ट्रिय, प्रादेशिक तथा गाउँ/नगर स्तरीय सडकको अधिकार क्षेत्रभित्र बनेका सडकदेखि बाहेकका अन्य संरचना जुनसुकै बखत हटाउन वा भत्काउने आदेश दिन सक्तछ । यसरी स्थानीय तहले दिएको आदेश अनुसार कुनै व्यक्ति, संस्था वा निकायले त्यस्तो संरचना नहटाएमा वा नभत्काएमा स्थानीय तहले त्यस्तो संरचना आफै हटाउन वा भत्काउन सक्नेछ र यसरी हटाउन वा भत्काउन लागेको खर्च सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट असुल उपर गर्नुपर्नेछ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रारम्भ भएको मिति अर्थात् २०७४ आश्विन २९ गते बाट स्थानीय तहले बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ ले कायम गरेको भन्दा बढी हुनेगरी सडकको अधिकार क्षेत्र कायम गरेमा यस्तो परिवर्तनबाट कसैको जग्गा वा जग्गामा बनेको संरचना त्यसरी परिवर्तन गरिएको अधिकार क्षेत्रभित्र पर्न गएमा त्यस्तो जग्गा प्राप्त गर्दा वा सो जग्गा भित्रको संरचना हटाउँदा वा भत्काउँदा प्रचलित कानून अनुसार मर्का पर्नेलाइ क्षतिपुर्ति दिनु पर्नेछ । उदाहरणका लागि यदि स्थानीय तहले ६ मिटरको सडकको क्षेत्राधिकार ८ मिटर

कायम गरेमा पछि थपिएको २ मिटर जग्गा वा सो जग्गामा साविकको मापदण्ड पालना गरी नक्सा पास हुनुपर्ने भवन रहेछ भने सो संरचानको क्षतिपुर्ति दिनु पर्नेछ । काठमाडौंमा चक्रपथको अधिकार क्षेत्र ३१ मिटर दाँया र ३१ मिटर बाँया गरि ६२ मिटर तोकिएको छ । यसमा नगरपालिकाले आवासीय र व्यापारिक प्रयोजनका लागि आधारभूत मापदण्ड, २०७२ अनुसार सेटव्याकको थप मापदण्ड निर्धारण गर्न सक्दछन् । चक्रपथको थप जानकारी सडक विभाग संग लिन सक्नेछ ।

- गाउँपालिकाका अन्य सडकहरुको क्षेत्राधिकार गाउँपालिकाको भूउपयोग क्षेत्रको मापदण्डले तोकेको सडकको वर्गअनुसार र सोबाहेक गाउँपालिकाको **MTMP** वा नापी नक्साको बाटो अनुसार अधिकतम चौडाई कायम हुनेछ ।
- सडकको क्षेत्राधिकारको किनारबाट भवन निर्माणक लागि छोड्नु पर्ने न्युनतम सेटव्याक निम्न तालिका अनुसार हुनेछ :

क्र.सं.	बाटोको RIGHT OF WAY	सडक क्षेत्राधिकार सेटब्याक	
		आवासीय भवनका लागि	ब्यापारिक भवनका लागि
१	६ मीटर -१० मीटर	१.५ मीटर	२ मीटर
२	१० —१५ मीटर	२.५ मीटर	२.५ मीटर
३	१५ - १८ मीटर	३ मीटर	३ मीटर

- सडकको न्यूनतम क्षेत्रधिकार ६ मिटर कायम हुनुपर्ने तर टुङ्गिएको सडक वा ५० मीटर भन्दा सानो बाटो (CUL de-sac) सडकको हकमा बाटोको केन्द्रबिन्दु बाट २ मीटर कायम गर्नु पर्नेछ र न्यूनतम सेटव्याक १ मीटर छोड्नु पर्ने छ ।
- दुई वा सो भन्दा बढी साइडमा बाटो भएको घडेरीको हकमा मूख्य सडक र अन्य सडक दुबै तर्फ मापदण्ड अनुसार सेटव्याक अनिवार्य छोड्नु पर्ने छ ।
- सार्वजनिक पैनी, ऐलानी जग्गा बाट न्युनत्म १ मीटर सेटव्याक छोड्नु पर्दछ ।
- सार्वजनिक जग्गालाई बाटो देखाइ नक्सापास गर्न पाईनेछैन ।
- सडक क्षेत्रधिकार पछि छोडिएको सेटव्याकमा कुनै पनि संरचना निर्माण गर्न पाइने छैन ।

९.४ कम्पाउण्ड वाल

- कम्पाउण्ड वाल को अधिकतम उचाइ ४ फिट हुने र सो भन्दा माथि बढिमा २ फिटसम्म जालि राख्न सकिने ।यदि सो भन्दा बडी DIMENSION निर्माण गर्नु परेमा बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ अनुसार गर्नु पर्नेछ ।
- सडकको क्षेत्राधिकार छोडेर मात्र कम्पाउण्ड वाल लगाउँनुपर्ने ।
- कम्पाउण्ड वालको समेत अनिवार्य रुपमा नक्सापास गर्नुपर्ने ।
- आफ्नो जग्गा जमिनको संरक्षणको लागि हरित बार ल (रुख विरुवा)गाउँन सकिने ।

९.५ सेफ्टी ट्यांकी

- नक्सापास गर्दा सेफ्टी ट्यांकी सहितको नक्सा साइट प्लानमा देखाएर पास गर्नुपर्ने ।
- सेप्टीक ट्यांकी जग्गाको सिमानाबाट १ मीटर छोडेर मात्र बनाउनुका साथै इनार खन्नुपर्ने ठाउमा जग्गाको सिमानाबाट १ मीटर छोडेर मात्र बनाउनुपर्ने छ ।

९.६ बैकिङ्ग र इन्सोरेन्स कारोबार

- निर्माण सम्पन्न प्रमाणपत्र विना भवनको बैकिङ्ग र इन्सोरेन्स कारोबार गर्न नपाईने ।

९.७ जोखिम क्षेत्रमा भवन निर्माणका लागि निषेध

- खानी तथा भूगर्भ विभाग र जिल्ला दैवि प्रकोप उद्धार समिति, नगर विपद् व्यवस्थापन समितिले निषेध गरेका स्थानमा भवन बनाउन नपाइने ।
-

९.८ Structure Analysis सम्बन्धी

- प्रस्तावित भवनको **Structure Analysis** जति तल्लाको गरेर पेश गरिएको छ, सोहि तल्ला सम्म मात्र तल्ला थप गर्न इजाजत दिइनेछ ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

- **Structure Analysis report** अनुसार मात्र भवन निर्माण गर्नु पर्नेछ ।

९.९ उपयोगिता परिवर्तन

- आवासीय भवनलाई व्यवसायीक लगायत अन्य प्रयोजनका लागि प्रयोग गर्न नपाउने ।
- गाउँपालिकाबाट भवन निर्माण अनुमति जुन प्रयोजनका लागी भनेर लिएको छ, सो भन्दा बाहेक अन्य प्रयोजनका लागी उक्त भवन प्रयोग गर्न पाइने छैन ।

९.१० मापदण्ड विपरितका भवन सार्वजनिक निकायले भाडामा लिन नपाउने

- नक्सापास नभएका, भवन निर्माण सम्बन्धी मापदण्ड पूरा नगरेका र भवन सहिता पूरा नगरेका भवनहरु सार्वजनिक निकायले भाडामा लिन नपाउने ।

९.११ टप र वार्दली

- सडकको क्षेत्रधिकार र सेट व्याक भित्र टप, वार्दली, छज्जी, आदि कुनै पनि संरचनाहरु बनाउन नपाउने ।

९.१२ छतमा पिलर राख्न निषेध

- निर्माण अवधि पछि छत माथि पिलर राख्न नपाउने ।

९.१३ IEE र EIA गर्नुपर्ने अवस्था

- कुनै पनि रिसोर्ट, होटल भवन, अस्पताल भवन , बिद्यालय भवन, सार्वजनिक भवन, कारखाना र औद्योगिक भवन, Housing Complex, अपार्टमेन्ट इत्यादीको भवन निर्माण अनुमति लिनु अघि तोकिएको CRITERIA अनुसार आवश्यक परेमा Environment Engineer बाट अनिवार्य (Initial Environment Environment) IEE वा (Environmental Impact Assessment) EIA गराई रिपोर्ट पनि पेस गर्नु पर्ने छ र सो रिपोर्ट भवन तथा बस्ती विकास साखाका प्राविधिकले जाँच गरी रिपोर्टको आधारमा मिल्ने भए मात्र नक्शा पास गर्नु पर्ने छ ।

प्रारम्भिक वातवरण परीक्षण IEE गर्नुपर्ने भवन निर्माण सम्बन्धी कार्यहरु	वातावरण प्रभाव मूल्याङ्कन EIA गर्नुपर्ने भवन निर्माण तथा बस्ती विकाससग सम्बन्धीत् कार्यहरु
५,००० वर्ग मिटर क्षेत्रफलभन्दा माथि १०,००० वर्ग मिटर क्षेत्रफल सम्मको Built Up Area वा Floor Area भएको Residential, Commercial and their Combination भवन निर्माण गर्ने	१०,००० वर्ग मिटर क्षेत्रफल भन्दा माथिको Built Up Area वा Floor Area भएको Residential, Commercial and their Combination भवन निर्माण गर्ने
१००० देखि २००० जनासम्म एकैपटक आगमन तथा निगमन हुने सिनेमा हल, थिएटर, Community Hall, Stadium, Concert Hall, Spot Complex निर्माण गर्ने	२००० जनाभन्दा बढी एकैपटक आगमन तथा निगमन हुने सिनेमा हल, थिएटर, Community Hall, Stadium, Concert Hall, Spot Complex निर्माण गर्ने
१ हेक्टरदेखि ४ हेक्टर सम्मको क्षेत्रमा आवास विकास गर्ने	४ हेक्टर भन्दा बढी क्षेत्रमा आवास विकास गर्ने
१० हेक्टरदेखि १०० हेक्टर सम्मको जग्गा विकास आयोजना सञ्चालन गर्ने	१०० हेक्टरभन्दा माथिको जग्गा विकास आयोजना सञ्चालन गर्ने
१० हेक्टरभन्दा माथि Hard Surface Pavement (जस्तै Dry Port, Bus Park, Parking Lot आदि) निर्माण गर्ने	१६ तल्ला वा ५० मिटर भन्दा माथिका भवनहरू निर्माण गर्ने
२०,००० क्यू. मिटरभन्दा माथि माटो पुर्ने तथा माटो काटी Site Develop गर्ने	१०० शैया भन्दा बढीको होटल निर्माण स्थापना र सञ्चालन गर्ने
१० तल्ला वा २५ मिटरभन्दा माथि १६ तल्ला वा ५० मिटर सम्मका भवनहरू निर्माण गर्ने	१०० शैयाभन्दा बढीको अस्पताल वा नर्सिङ्ग होम वा चिकित्सा व्यवसाय (अध्ययन/अध्यापन समेत) सञ्चालन गर्ने

५० शैयादेखि १०० शैयासम्मको होटल स्थापना र सञ्चालन गर्ने	ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्विक क्षेत्रमा कुनै प्रस्ताव कार्यान्वयन गर्ने भएमा
२५ देखि १०० शैयासम्मको अस्पताल वा नर्सिङ्ग होम वा चिकित्सा व्यवसाय (अध्ययन अध्यापन समेत) सञ्चालन गर्ने	

९.१४ बाटो प्रमाणित सम्बन्धी

- सम्बन्धीत जग्गाको कित्तामा नापी नक्शा अनुसार कुनै बाटो नभएता पनि फिल्डमा बाटो छ भने सम्बन्धीत वडाबाट बाटो प्रमाणिकरण गराउनु पर्नेछ । बाटो प्रामाणिकरण गर्दा उक्त बाटोमा पर्ने वा बाटोले छुने सम्पूर्ण जग्गाधनिको मंजुरी र सहि गराई सम्बन्धीत वडाको जनप्रतिनिधिको रोहबरमा सर्जमिन गर्नुपर्नेछ र सर्जमिन गरेको उक्त कागजको एक प्रति बाटो प्रामाणिकरणको सिफारिस संगै संलग्न गरि भवन निर्माण गर्नु हुने जग्गाधनीले नगरपलिकामा पेश गर्नु पर्नेछ । बाटो प्रामाणिकरणको सिफारिसमा उक्त बाटोको चौडाई पनि उल्लेखित गर्नु पर्नेछ । त्यस्ता बाटोको प्रस्तावित न्युनतम चौडाई ६ मीटर कायम हुनेछ ।

९.१५ माटो परिक्षण सम्बन्धी

- जतिसुकै तल्लाका सार्वजनिक र क वर्गका भवन तथा ख वर्गका - ३ तल्ला भन्दा अग्ला सबै भवन निर्माण गर्न अनिवार्य रुपमा सहरी विकास मन्त्रालयले जारी गरेको 'माटो परीक्षण निर्देशिका' अनुसार माटो परिक्षण गर्नु पर्नेछ खानी तथा भूगर्भ विभागले नेपाल राजपत्रमा प्रकाशित गरी निषेध गरेका क्षेत्रमा भवन निर्माण गर्न पाइने छैन । सुनछहरी गाउँपालिका आफै माटो परीक्षण गराई तोकिदिएको क्षेत्रमा मात्र १७ मिटर भन्दा अग्ला संरचना निर्माण गर्न अनुमति दिनेछ ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

अनुसूचीहरु

अनुसूची १ भवन निर्माण अनुमतिको फ्लोचार्ट

अनुसूचि १.१ "क", "ख" र "ग" वर्ग भवन निर्माणको लागि

अनुसूचि १.२ "घ" वर्ग भवन निर्माणको लागि

अनुसूची २ नागरिक बडापत्र

अनुसूची ३ भवन निर्माण अनुमतिको दरखास्त फाराम

अनुसूचि ३.१ "क", "ख" र "ग" वर्ग भवन निर्माणको लागि

अनुसूचि ३.२ "घ" वर्ग भवन निर्माणको लागि

अनुसूचि ४ भवन निर्माण अनुमतिका लागि पेश गनुपर्ने कागजातहरु

अनुसूचि ४.१ "क", "ख" र "ग" वर्गका भवन निर्माण लागि

अनुसूचि ४.२ "घ" वर्गका भवन निर्माणको लागि

अनुसूचि ४.३ साविक भवन भत्काइ पुनः निर्माण, थप भवन निर्माण तथा तल्ला थप गर्नका निमित्त

अनुसूचि ४.४ छाना फेर्ने तथा मोहडा फेर्ने सम्बन्धमा

अनुसूचि ४.५ कम्पाउण्ड वाल लगाउँने तथा अन्य प्रावधानहरुको सम्बन्धमा

अनुसूचि ४.६ नक्सा नामसारी गर्न आवश्यक कागजातहरु

अनुसूचि ५ नक्सा र डिजाईन प्रतिवेदनको नमूना

अनुसूचि ५.१ वास्तुकला (आर्किटेक्चरल)को नमूना नक्सा

अनुसूचि ५.२ संरचनात्मक (स्ट्रक्चरल)को नमूना नक्सा

अनुसूचि ५.३ संरचनात्मक डिजाईनको नमूना प्रतिवेदन

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी



भवन निर्माण अनुमति प्रक्रियाको फ्लोचार्ट

क्र. सं.	प्रक्रिया विवरण	भवन को वर्ग	कस्ले गर्ने (घरधनी, डिजाईनर वा गाउँपालिका)	गाउँपालिकाको सम्बन्धीत शाखा शाखा वा इकाई	संलग्न गर्नुपर्ने आवश्यक कागजात	लाग्ने दस्तुर	जिम्मेवार अधिकारी	दिन
१	निवेदन पेश (घर नक्शा स्वीकृतिका लागि दरखास्त पेश गर्न गाउँपालिका मा सम्पर्क गर्ने)	सबै	घरधनी/ वारेसनामा लिएको व्यक्ति	भवन तथा बस्ती विकास शाखा	१.जग्गाधनी प्रमाण पूर्जाका प्रमाणित प्रतिलिपि - १ प्रति । २. चालु आर्थिक वर्षको एकिकृत सम्पति कर÷घरजग्गा कर वा मालपोत तिरको रसिदको प्रतिलिपि १-१ प्रति । ३. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि - १ प्रति । ४. किता नं. स्पष्ट भएको प्रमाणित सक्कल फाइल नक्सा - १ प्रति ५. किता नं. स्पष्ट भएको प्रमाणित सक्कल वडा नक्सा - १ प्रति ६. निर्माण गरिने भवनको वास्तुकला २ प्रति र संरचनात्मक नक्सा (गा.पा. द्वारा तोकिएको ढाँचामा) - न्यूनतम २ प्रति । ७. स्ट्रक्चर डिजाइन रिपोर्ट - न्यूनतम १ प्रति । (क र ख वर्गको लागि मात्र) ८. जियोटेक्निकल रिपोर्ट - १ प्रति । (अवास्यक पर्ने भवन लागि मात्र) ९. नक्सा बनाउने इन्जिनियर वा अर्किटेक्टको नेपाल इन्जिनियरिङ परिषदको लाइसेन्सको प्रतिलिपि - १ प्रति । १०. घर डिजाइन गर्ने स्ट्रकचरल इन्जिनियरको नेपाल इन्जिनियरिङ्ग परिषदको लाइसेन्सको प्रतिलिपि - १ प्रति । (क र ख वर्गको लागि मात्र) ११. नक्सापास तथा निर्माण इजाजतको लागि मन्जुरीनामाको हकमा वडा अध्यक्ष वा सम्बन्धीत टोलका न्यूनतम तीन जना भद भलाद्यमीको रोहवरमा मन्जुरीनामा गरेको पत्र र मन्जुरीनामा दिने लिने दुबैको नेपाली नागरिकताको प्रमाण-पत्रको एकएक प्रति प्रतिलिपि पेश गर्नु पर्नेछ । १२. वारेश राखि नक्सापास गर्ने भएमा वारेशनामाको हकमा वडा अध्यक्ष वा सम्बन्धीत टोलका न्यूनतम तीन जना भद भलाद्यमीको रोहवरमा वारेशनामा गरेको पत्र र साथमा वारेशको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि १ प्रति । १३. नक्सापासको निवेदन १४.. ठेकेदारको लाइसेन्सको प्रतिलिपि - १ प्रति १५. सम्बन्धीत वडाको सिफारिस पत्र (सक्कल) १६. भवनको नक्सा र डिजाईन सम्बन्धी परामर्शदाताले भर्ने फाराम - १ प्रति		घरधनी/ वारेसनामा लिएको व्यक्ति	पहिलो दिन

२	निवेदन र कागजात चेकजाँच	सबै	भवन तथा बस्ती विकास शाखा को कर्मचारी	भवन तथा बस्ती विकास शाखा			भवन तथा बस्ती विकास शाखा को कर्मचारी	निवेदन पेश भएको ३ दिन भित्र
३	भवनको जग्गा सम्बन्धी नक्सा र कागजातहरु चेकजाँच	सबै	गाउँपालिकाको अमिन/सर्भेक्षक	भवन तथा बस्ती विकास शाखा			गाउँपालिकाको अमिन/सर्भेक्षक	निवेदन पेश भएको ३ दिन भित्र
४	निवेदन तोक तथा दर्ता	सबै	प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको व्यक्ति	प्रमुख प्रशासकिय अधिकृतज्यूको कार्यकक्ष		गाउँपालिकाले तोकेको अनुसार	गाउँपालिकाको दर्ता कर्मचारी	निवेदन र कागजात चेकजाँच भएपछि
५	गाउँपालिकाले सर्जमिनको लागी संधियारको नाममा १५ दिने सूचना काट्ने	सबै	भवन तथा बस्ती विकास शाखा को कर्मचारी	भवन तथा बस्ती विकास शाखा	चेकजाँच र दर्ता भएको नक्सा फारम किताब र फाइल		भवन तथा बस्ती विकास शाखा को इन्जिनियर	निवेदन तोक तथा दर्ता भएपछि
६	१५ दिने सूचना टाँस मुचुल्का	सबै	गाउँपालिकाले तोकेको कर्मचारी	भवन तथा बस्ती विकास शाखा			गाउँपालिकाले तोकेको कर्मचारी	१५ दिने सूचना काटेको २ दिन भित्र

७	घर नक्सा डिजाइन /नक्शा/स्ट्रक्चर रिपोर्ट चेकजाँच	सबै	भवन तथा बस्ती विकास शाखा को प्राविधिक कर्मचारी	भवन तथा बस्ती विकास शाखा	भवनको संरचनात्मक नक्सा, भवनको वास्तुकलात्मक(आर्किटेक्चरल) नक्सा — २ प्रति र स्ट्रक्चर रिपोर्ट — १ प्रति		भवन तथा बस्ती विकास शाखा को इन्जिनियर	संधियारको नाममा १५ दिने सूचना काटेको म्याद सकिएको ३ दिन भित्र
८	सर्जमिनको लागि अमिन/सर्भेक्षक समय लिने	सबै	घरधनी/ वारेसनामा लिएको व्यक्ति/सम्बन्धीतपरामर्सदाता	भवन तथा बस्ती विकास शाखा	१५ दिने सूचना प्रतिलिपि		भवन तथा बस्ती विकास शाखा को अमिन/सर्भेक्षक	संधियारको नाममा १५ दिने सूचना काटेको म्याद सकिए पछि
९	प्रस्तावित साइट प्लान र नापी नक्शा अनुसार फिल्ड एकिन गरि जग्गाको रेखांकन गर्ने, स्थलगत सर्जमिन गर्ने मुचुल्का उठाउने	सबै	गाउँपालिकाको अमिन/सर्भेक्षक, घरधनी, परामर्शदाता, संधियार, छिमेकी, वडाका जनप्रतिनिधि र वडा सचिव	भवन तथा बस्ती विकास शाखा	१५ दिने सन्धी सर्पन सम्बन्धी संधियारको नाममा जारी भएको सूचना बुझाएको भर्पाई तथा टॉस मुचुल्का बारे र सर्जमिन मुचुल्का		भवन तथा बस्ती विकास शाखा को अमिन/सर्भेक्षक र सम्बन्धीत वडा सचिब द्वारा सर्जमिन गर्ने	संधियारको नाममा १५ दिने सूचना को म्याद सकिए र सर्जमिनको लागि समय लेको ३ दिन भित्र
१०	सर्जमिन मुचुल्का चेक गर्ने, र फिल्डको स्थलगत प्रतिवेदन तयार गर्ने	सबै	गाउँपालिकाको अमिन/सर्भेक्षक	भवन तथा बस्ती विकास शाखा	१५ दिने सन्धी सर्पन सम्बन्धी संधियारको नाममा जारी भएको सूचना बुझाएको भर्पाई तथा टॉस मुचुल्का बारे र सर्जमिन मुचुल्का		भवन तथा बस्ती विकास शाखा को अमिन/सर्भेक्षक	फिल्ड एकिन, सर्जमिन मुचुल्का उठाएको ३ दिन भित्र

११	घरिधनीले गाउँपालिकाको सुझाव अनुसारको नक्सा परिमार्जन गरी गाउँपालिकाको दर अनुसार कर तिर्ने	सबै	घरधनी/ वारेसनामा लिएको व्यक्ति र परामर्शदाता	राजश्व शाखा र भवन तथा बस्ती विकास शाखा		गा.पा. ले तोके अनुसार	घरधनी/ वारेसनामा लिएको व्यक्ति र परामर्शदाता	घर नक्सा डिजाइन /नक्शा/ स्ट्रक्चर रिपोर्ट चेकजाँच गरेर ठिक भएपछि
१२	राजश्व शाखा आवश्यक दस्तुर लिई रशिद नम्बर निबेदनमा उल्लेख र राजश्व बुझेको भनि हस्ताक्षर गरी पुनः भवन तथा बस्ती विकास शाखामा पठाउने	सबै	राजश्व शाखाका सम्बन्धीत कर्मचारी	राजश्व शाखा र भवन तथा बस्ती विकास शाखा		गा.पा. ले तोके अनुसार	राजश्व शाखाका सम्बन्धीत कर्मचारी	घर नक्सा डिजाइन / स्ट्रक्चर रिपोर्ट चेकजाँच र आवस्यक परे इन्जिनियरको सुझाव अनुसार को नक्सा परिमार्जन गरेपछि
१३	प्लिन्थ सम्मको निर्माणको अनुमति	क, ख, ग	भवन तथा बस्ती विकास शाखाको इन्जिनियर र प्रमुख प्रशासकिय अधिकृत	भवन तथा बस्ती विकास शाखा			भवन तथा बस्ती विकास शाखाको इन्जिनियर र प्रमुख प्रशासकिय अधिकृत	घर नक्सा डिजाइन/ स्ट्रक्चर रिपोर्ट भेरिफाई र राजश्व दाखिला भएको ३ दिन भित्र

१४	भवन निर्माणको अनुमति	घ	भवन तथा बस्ती विकास शाखाको इन्जिनियर र प्रमुख प्रशासकिय अधिकृत	भवन तथा बस्ती विकास शाखा			भवन तथा बस्ती विकास शाखाको इन्जिनियर र प्रमुख प्रशासकिय अधिकृत	घर नक्सा डिजाइन/ नक्शा भेरिफाई र राजश्व दाखिला भएप छि
१५	फिल्ड सुपरीवेक्षण	क, ख, ग	घरधनीको प्राविधिक सुपरीवेक्षक				घरधनीको प्राविधिक सुपरीवेक्षक	प्लिन्थ सम्म को निर्माण सम्पन्न हुन्जेल
१६.	घर वा संरचनाको LAYOUT चेकजाँच	सबै	भवन तथा बस्ती विकास शाखाको इन्जिनियर	भवन तथा बस्ती विकास शाखा			भवन तथा बस्ती विकास शाखाको इन्जिनियर	ठेकेदारले घर वा संरचनाको LAYOUT गरिसके पछि
१७	सुपरस्ट्रकचर निर्माणको लागि निवेदन पेश	क, ख, ग	घरधनी/ वारेसनामा लिएको व्यक्ति	भवन तथा बस्ती विकास शाखा	सुपरस्ट्रकचर निर्माण अनुमतिको लागि निवेदन तथा परामर्शदाता फर्मको सुपरीवेक्षकले तयार गरेको प्लिन्थसम्मको निर्माणको प्राविधिक प्रतिवेदन		घरधनी/ वारेसनामा लिएको व्यक्ति	प्लिन्थ सम्म को निर्माण सम्पन्न भएप छि
१८	निवेदन जाँच, सुपरीवेक्षक प्रतिवेदन जाँच र फिल्ड निरीक्षण	क, ख, ग	भवन तथा बस्ती विकास शाखाको प्राविधिक/ इन्जिनियर	भवन तथा बस्ती विकास शाखा			भवन तथा बस्ती विकास शाखाको इन्जिनियर	निवेदन बुझाएको ७ दिन भित्र
१९	प्राविधिक प्रतिवेदन तयार	क, ख, ग	भवन तथा बस्ती विकास शाखाको फिल्ड निरीक्षण गर्ने प्राविधिक/ इन्जिनियर	भवन तथा बस्ती विकास शाखा			भवन तथा बस्ती विकास शाखाको फिल्ड निरीक्षण गर्ने इन्जिनियर	निवेदन जाँच र फिल्ड जाँच को ३ दिन भित्र

२०	भवन नक्सा अनुसार छैन भने परामर्शदातालाई नक्सा संसोधन गर्न लगाउँने	क, ख, ग	भवन तथा बस्ती विकास शाखाको फिल्ड निरीक्षण गर्ने प्राविधिक/ इन्जिनियर	भवन तथा बस्ती विकास शाखा		नगरपालिकले तोके अनुसार	भवन तथा बस्ती विकास शाखाको फिल्ड निरीक्षण गर्ने इन्जिनियर	प्राविधिक प्रतिवेदन पछिको ३ दिन भित्र
२१	सुपरस्ट्रकचर निर्माण अनुमति पत्र	क, ख, ग	भवन तथा बस्ती विकास शाखाको इन्जिनियर र प्रमुख प्रशासकिय अधिकृत	भवन तथा बस्ती विकास शाखा			भवन तथा बस्ती विकास शाखाको इन्जिनियर र प्रमुख प्रशासकिय अधिकृत	नक्शा संसोधन पछिको ३ दिन भित्र
२२	फिल्ड सुपरीवेक्षण	क, ख, ग	घरधनीको प्राविधिक सुपरीवेक्षक	भवन तथा बस्ती विकास शाखा			घरधनीको प्राविधिक सुपरीवेक्षक	सुपर स्ट्रकचरको सम्पूर्ण निर्माण सम्पन्न नहुन्जेल
२३	निर्माण सम्पन्न प्रमाण पत्रको लागि निवेदन पेश	सबै	घरधनी/ वारेसनामा लिएको व्यक्ति	भवन तथा बस्ती विकास शाखा	सम्पन्न प्रमाणपत्रको लागि निवेदन तथा सुपरीवेक्षकले तयार गरेको सुपरस्ट्रकचरको निर्माणको प्राविधिक प्रतिवेदन भवनको वास्तुकला र संरचनात्मक नक्सा (गा.पा. द्वारा तोकिएको ढाँचामा) - २ प्रति	नगरपालिकले तोके अनुसार	घरधनी/ वारेसनामा लिएको व्यक्ति	सुपर स्ट्रकचरको सम्पूर्ण निर्माण सम्पन्न भएपछि
२४	निवेदन जाँच, सुपरीवेक्षक प्रतिवेदन जाँच र फिल्ड निरीक्षण	सबै	भवन तथा बस्ती विकास शाखाको प्राविधिक/ इन्जिनियर	भवन तथा बस्ती विकास शाखा			भवन तथा बस्ती विकास शाखाको प्राविधिक/ इन्जिनियर	निवेदन बुझाएको ७ दिन भित्र
२५	प्राविधिक प्रतिवेदन तयार	सबै	भवन तथा बस्ती विकास शाखाको प्राविधिक/ इन्जिनियर	भवन तथा बस्ती विकास शाखा			भवन तथा बस्ती विकास शाखाको प्राविधिक/ इन्जिनियर	निवेदन जाँच र फिल्ड जाँचको ३ दिन भित्र

२६	भवन नक्सा अनुसार छैन भने नक्सा संसोधन गर्न लगाउँने वा आवस्यक कार्वाही	सबै	भवन तथा बस्ती विकास शाखाको प्राविधिक/ इन्जिनियर	भवन तथा बस्ती विकास शाखा			भवन तथा बस्ती विकास शाखाको प्राविधिक/ इन्जिनियर	प्राविधिक प्रतिवेदन पछिको ३ दिन भित्र
२७	निर्माण सम्पन्न प्रमाणपत्र	सबै	भवन तथा बस्ती विकास शाखाको इन्जिनियर र प्रमुख प्रशासकिय अधिकृत	भवन तथा बस्ती विकास शाखा	घरको कलर फोटो (सबै मोहडा देखिने गरि)	गाउँपालिकाले तोके अनुसार	भवन तथा बस्ती विकास शाखाको इन्जिनियर र प्रमुख प्रशासकिय अधिकृत	नक्शा संसोधन पछिको ३ दिन भित्र

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

सुनछहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

पोबाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

भवन निर्माणका लागि अनुमति दरखास्त फारम

आर्थिक वर्ष .....

निर्माण कार्यको विवरण: ☐ नयाँ भवन निर्माण ☐ तल्ला थप ☐ साविकको भवन भत्काइ नयाँ निर्माण
☐ थप घर निर्माण ☐ जग्गामा पक्की कम्पाउण्डवाल लगाउँने
☐ घरको मोहडा फेर्ने ☐ घरको छाना फेर्ने ☐ अन्य .....

भवनको वर्ग : ☐ **क** ☐ **ख** ☐ **ग** ☐ **घ**

जग्गाधनीको नाम : .....

वडा नं. : .....

सम्पर्क मोबाइल नं. : .....

भू-उपयोग क्षेत्र: .....

सडकको नाम : ..... सडकको चौडाइ : .....

दरखास्त फारम दस्तुर:

रसिद नं. : .....

मिति : .....

रसिद बुझ्नेको दस्तखत : .....

"क", "ख" र "ग" वर्गका भवनहरुको नक्सा पास प्रक्रियाको लागि

विषय सूची

खण्ड १ : घरधनीले भर्ने निवेदन र सम्झौता पत्रहरू

- भवन निर्माण र प्लिन्थ लेभलसम्मको निर्माण अनुमतिको लागि निवेदन ३८
- सुपरस्ट्रक्चर लेभलको निर्माण अनुमतिको लागि निवेदन ४०
- भवन निर्माण सम्पन्नको लागि निवेदन ४१
- प्राविधिक परामर्शदाता (कन्सल्टेन्ट इन्जिनियर) र घरधनी बीचको सम्झौता पत्र ४२
- ठेकेदार वा निर्माणकर्मी र घरधनी बीचको सम्झौता–पत्र ४३
- घर नक्सा संसोधनका लागि निबेदन ४४
- घर नक्सा सम्पन्न प्रमाणपत्र/ घर नक्सा अभिलेखिकरण प्रमाणपत्र नामसारी निबेदन ४५

खण्ड २: परामर्शदाताले भर्ने फाराम र प्रतिवेदनहरू

- नक्सा र डिजाईन प्रतिवेदन सम्बन्धी फारामहरू ४६
- भवन निर्माणको सुपरिवेक्षण प्रतिवेदनहरू ६१
  - जग निर्माण
  - प्लिन्थ लेभलसम्मको निर्माण
  - सुपरस्ट्रक्चर लेभलको निर्माण
  - भवन निर्माण सम्पन्न

खण्ड ३: गाउँपालिकाले भर्ने जाँच सूची, सूचना, मुचुल्का र प्रमाण–पत्र

- भवन निर्माण अनुमतिको निवेदन र कागजातको जाँच ७६
- नक्सा र डिजाईन प्रतिवेदनको जाँच गर्ने चेकलिस्ट ७८
- सँधियारको नाममा जारी भएको सूचना ८०
- भवन निर्माण अनुमतिको लागि १५ दिने टाँस मुचुल्का ८१
- सर्जमिन मुचुल्का ८२
- सर्जमिनको प्राविधिक प्रतिवेदन ८४
- दस्तुर तथा दर्ता सम्बन्धी ८५
- टिप्पणी र आदेशः प्लिन्थ लेभल सम्मको निर्माणका निमित्त अनुमति सम्बन्धमा ८६
- प्लिन्थ लेभलसम्मको निर्माण कार्यको अनुमति–पत्र ८७
- ले-आउट गरी प्राविधिक प्रतिवेदन पेश गरेको बारे ८८
- प्लिन्थ लेभलसम्मको निर्माण कार्य सम्पन्नको प्राविधिक प्रतिवेदन ८९
- टिप्पणी र आदेशः सुपरस्ट्रक्चर निर्माणको अनुमति सम्बन्धमा ९१
- सुपरस्ट्रक्चर निर्माण कार्यको अनुमति–पत्र ९२
- तल्ला थपको लागि प्राविधिक प्रतिबेदन ९३
- टिप्पणी र आदेश घरको तल्ला थप सम्बन्धमा ९४
- तल्ला थप (सुपरस्ट्रक्चर) निर्माणको इजाजत पत्र ९५
- भवन निर्माण कार्य सम्पन्नको प्राविधिक प्रतिवेदन ९६
- टिप्पणी र आदेशः निर्माण कार्य सम्पत्रको प्रमाण–पत्र सम्बन्धमा ९८
- भवन निर्माण कार्य सम्पत्र प्रमाण–पत्र ९९

खण्ड ४: अन्य फारामहरू

- भवन नामसारी १०१

❖ मन्जुरीनामा १०२
❖ वारेशनामा १०३

खण्ड १

❖ भवन निर्माण र प्लिन्थ लेभलसम्मको निर्माण अनुमतिको लागि निवेदन
❖ सुपरस्ट्रक्चर निर्माण अनुमतिको लागि निवेदन
❖ भवन निर्माण कार्य सम्पन्न प्रमाण–पत्रको लागि निवेदन
❖ प्राविधिक परामर्शदाता (कन्सल्टेन्ट इन्जिनियर) र घरधनी बीचको सम्झौता पत्र
❖ ठेकेदार वा निर्माणकर्मी र घरधनी बीच सम्झौता–पत्र

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

भवन निर्माण अनुमतिको लागि निवेदन

हालसालै खिचिएको
जग्गाधनीको पासपोर्ट
साइजको फोटा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
सुनछहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोबाङ,रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

विषय : नक्सा पास तथा भवन निर्माण र प्लिन्थ लेभलसम्मको निर्माण अनुमतिको सम्बन्धमा ।

महोदय,

मैले/हामीले देहायमा लेखिए बमोजिम भवन निर्माण कार्यको लागि भवनको नक्सा र आवश्यक कागजातहरु सहित यो निवेदन पेश गरेको छु/छौं । उक्त नक्सा र कागजातहरु जाँच गरी प्लिन्थ लेभल सम्मका भवन निर्माण कार्य गर्ने अनुमति प्रदान गर्नको लागि अनुरोध गर्दछु/छौं । निर्माण कार्यको अनुमति प्राप्त भएपछि गाउँपालिकाद्वारा स्वीकृत नक्सा र कागजातहरु भित्र रही निर्माण कार्य गर्नेछु/छौं । यस दरखास्त फाराममा लेखिएको व्यहोरा ठीक साँचो छ, झुटा ठहरे कानुन बमोजिम सहूँला बुझाउँला ।

तपसिल

१) जग्गाधनीको विवरण

१.१) नाम : .....

१.२) बुवा/आमाको नाम ..... १.३) पति/पत्नीको नाम .....

१.४) नागरिकता नम्बर ..... १.५) ना. जारी मिति .....

२) जग्गाको स्थान

२.१) सुनछहरी गा.पा. वडा नं. ..... २.२) साविक वडा नं. .....

२.३) सडकको नामः ..... २.४) म्याप सीट नं. .....

२.५) नजिकको मूल सडकको नामः .....

३) भवन निर्माण हुने जग्गाको विवरण

३.१) जग्गा कित्ता नं. .....

३.२) जग्गाधनी प्रमाणपत्र अनुसारको क्षेत्रफलः .....

३.३) पुर्जाको नं. : .....

४) जग्गाको चारकिलाको विवरण

दिशा	चार किल्लाको प्रकार (निजी जग्गा, बाटो, सार्वजनिक पर्ती जग्गा, नाला, कुलो, चोक, मन्दिर, आदि)	सँधियारको विवरण	
		सँधियारको नाम	किता नं.
पूर्व			
पश्चिम			
उत्तर			
दक्षिण			

५) प्रस्तावित भवनको विवरण

१. निर्माण कार्यको विवरणः ☐ नयाँ भवन निर्माण ☐ तल्ला थप ☐ साविकको भवन भत्काइ नयाँ निर्माण ☐ थप घर निर्माण ☐ जग्गामा पक्की कम्पाउण्ड वाल लगाउँने ☐ मोहडा फेर्ने ☐ छाना फेर्ने

२. भवनको प्रकारः ☐ आर.सि.सि. भवन ☐ सिमेन्ट जोडाइमा ईटाको भवन ☐ स्टील स्ट्रक्चर

३. भवन संहिता अनुसार भवनको वर्गीकरण : ☐ 'क' वर्ग ☐ 'ख' वर्ग ☐ 'ग' वर्ग

४. भवन प्रयोजनः ☐ आवासीय ☐ व्यवसायिक ☐ स्वास्थ्य ☐ शिक्षा ☐ सरकारी र अर्ध सरकारी ☐ मानिसहरु भेला हुने भवन ☐ उद्योग व्यावसायिक ☐ होटेल ☐ अपार्टमेन्ट ☐ सघं सस्ंथा

५. निर्माण हुने भवनको मोहडा : ☐ पुर्व ☐ पश्चिम ☐ उत्तर ☐ दक्षिण

६. ढल निकासको ब्यवस्थाः .....

७. फोहोर फाल्ने व्यवस्थाः .....

८. खानेपानीको व्यस्थाः .....

९. बिजुलीको ब्यवस्थाः .....

घर/ कम्पाउण्ड वालको	लम्बाई	चौडाई	उचाई	क्षेत्रफल
भूमिगत/अर्धभूमिगत तल्ला				
भुइँ तल्ला				
पहिलो तल्ला				
दोस्रो तल्ला				
तेस्रो तल्ला				
चौथो तल्ला				
पांचौ तल्ला				
कम्पाउण्ड वाल	परिधि=			

६. डिजाईनरको विवरण

संरचनात्मक डिजाईनर (Structure Engineer) र वास्तु डिजाईनर

नाम : .....

नेपाल इन्जिनियरिङ्ग परिषद दर्ता नम्बरः .....

कन्सल्टिङ्ग फर्मको नामः .....

दस्तखतः .....

७. निवेदक

१. निवेदकको प्रकारः ☐ जग्गाधनी ☐ वारेश भएमा

२. जग्गाधनी सँगको सम्बन्धः ☐ छोरा/छोरी ☐ पति/पत्नी ☐ आमा/बुवा ☐ नातेदार ☐ कामको मात्र

३. जग्गाधनीको तर्फ बाट वारेस भएमा

नामः ..... फोन नं.: .....

बुवाको नामः ..... ठेगानाः .....

नागरिकता नम्बरः ..... नागरिकता लिएको मिति : .....

निवेदकको नाम : .....

दस्तखत : .....

सुपरस्ट्रक्चर निर्माणको अनुमतिको लागि निवेदन

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
सुनछहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोबाङ,रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

मिति: .....

विषय : सुपरस्ट्रक्चरको निर्माण कार्यको लागी इजाजत बारे

उपर्युक्त सम्बन्धमा सुनछहरी गाउँपालिका कार्यालयको मिति ..... मा प्लिन्थ लेभलसम्मको निर्माण ईजाजत अनुसार मैले साविक ..... हाल सुनछहरी गाउँपालिका वडा नं. ..... को कित्ता नं. ..... को क्षेत्रफल ..... भित्र स्वीकृत नक्सा अनुसार नै प्लिन्थ सम्मको निर्माण कार्य सम्पन्न गरी प्राविधिक सुपरिवेक्षकको प्रतिवेदन सहित सुपरस्टस्वरको निर्माण कार्यको नक्सा पास तथा निर्माण ईजाजत पाउँ भनी यो निवेदन पेश गरेको/गरेका छु/छौ ।

निवेदक

सही .....

नाम :.....

वारेश भए वारेशको नाम : .....

(ठेकेदार वा निमार्ण व्यवसायीको)

दस्तखत :

नाम : .....

मिति : .....

न.पा दर्ता प्रमाण पत्र नं. : .....

सम्पर्क नं : .....

गाउँपालिकाको मापदण्ड अनुसार प्रेषित नक्सा बमोजिम नियामानुसार प्रथम चरणको निर्माण कार्य गरेको व्यहोरा ठिक साँचो हो ।

भवन निर्माण कार्य सम्पन्न प्रमाण–पत्रको लागि निवेदन

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
सुनछहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोबाङ,रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

मितिः.....

विषयः निर्माण सम्पन्न प्रमाण पत्र पाऊ बारे।

महोदय,

उक्त सम्बन्धमा सुनछहरी गाउँपालिकामा मैले साविक ..... हाल सुनछहरी गाउँपालिका वडा नं. .....को कित्ता नं. ..... को क्षेत्रफल ..... भित्र कार्यालयको च.नं. ..... गतेको पत्रद्वारा पक्की मिति..... गतेको पत्रद्वारा पक्की ..... तले घर/कम्पाउण्डवाल निर्माण गर्न गा.पा. बाट स्वीकृत नक्सा (सुपरस्ट्रक्चर) तथा मापदण्ड र प्रचलित नेपाल राष्ट्रिय भवन निर्माण संहिता अनुसार निर्माण कार्य सम्पन्न गरेका हुँदा घर नक्सा पास प्रमाण-पत्र पाऊ भनि निर्माण कार्यमा संलग्न प्राविधिक सहितको प्रतिवेदन समेत संलग्न राखी यो निबेदन पेश गरेको छु ।

निवेदक

निवेदको नामः .....

वारेश भए वारेशको नामः .....

ठेगानाः .....

दस्तखत .....

(ठेकेदार वा निमार्ण व्यवसायीको)
दस्तखत :
नाम : .....
मिति : .....
न.पा दर्ता प्रमाण पत्र नं. : .....
सम्पर्क नं : .....

गाउँपालिकाको मापदण्ड अनुसार प्रेषित नक्सा बमोजिम नियामानुसार सुपरस्ट्रक्चरको निर्माण कार्य गरेको व्यहोरा ठिक साँचो हो ।

भवन निर्माण सुपरिवेक्षणको लागि प्राविधिक परामर्शदाता वा कन्सल्टेन्ट र घरधनी बीच सम्झौता–पत्र

लिखितम् ..... गाउँपालिका वडा नं ..... बस्ने श्री..... घरधनी यसपछि पहिलो पक्ष भनिएको र ..... गाउँपालिका वडा नं ..... बस्ने सुपरिवेक्षक (इन्जिनियर/सव इन्जिनियिर) श्री ..... कन्सल्टेन्सी ..... यसपछि दोश्रो पक्ष भनिएको बीच आज मिति ..... साल ..... महिना ..... गतेका दिन तपशिल बमोजिमका सर्तका अधिनमा रही कार्य गर्न गराउन मन्जुर भएको हुँदा यो समझदारी–पत्रमा सही छाप गरी किनाराका साक्षीको रोहवरमा एक एक प्रति बुझि लियौं दियौं ।

शर्तहरुः–

१. घरधनीलाई आवश्यक पर्ने प्राविधिक सरसल्लाह एवं सुझाव उपलब्ध गराईनेछ ।

२. गाउँपालिकाबाट "राष्ट्रिय भवन संहिता–२०६०" 'जग्गा विकास तथा भवन मापदण्ड–२०६४' तथा 'बस्ती विकास शहरी योजना तथा भवन मापदण्ड–२०७२' बमोजिम प्रथम चरणको नक्सा स्वीकृत भए पश्चात सो स्वीकृत नक्सामा तोकिए बमोजिमको म्चबधष्लन, म्भकष्नल र क्उभअषष्अबतष्यल बमोजिम निर्माण कार्य गर्न गराउनको लागि आवश्यक पर्ने प्राविधिक सेवा उपलब्ध गराइनेछ ।

३. निर्माणकर्मीहरुलाई आवश्यक पर्ने कुनै पनि अस्पष्ट कुराहरुलाई तोकिए बमोजिम स्पष्ट गराईनेछ ।

४. कार्य प्रगतिको बारेमा घरधनी र गाउँपालिकालाई समय समयमा जानकारी उपलब्ध गराईनेछ ।

५. गाउँपालिकाले तोकेबमोजिम भवन निर्माणको हरेक चरणमा गाउँपालिका समक्ष प्रतिवेदन पेश गर्नुपर्ने छ ।

प्रथम पक्षको तर्फबाट

घरधनीको नामः .....

हस्ताक्षर : .....

ठेगाना : .....

दोश्रो पक्षको तर्फबाट

सुपरिवेक्षकको नाम : .....

ने.ई.का. नं : .....

कन्सल्टेन्सी : .....

हस्ताक्षर .....

ठेगानाः .....

ईति संवत : ..... साल .....महिना ..... गते.....रोज शुभम्

निर्माण व्यबसायिक वा निर्माणकर्मी र घरधनी बीच सम्झौता–पत्र

